# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ५० | काठमाडौं | शुक्रबार, २९ जेठ २०८३ | Prabhab National Daily | Friday, 12 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


व्यापारी रामहरि श्रेष्ठको हत्या घटना

## सर्वोच्चले आफ्नै फैसला उल्ट्याउँदै बटालालाई तोक्यो १० वर्ष कैद

- व्यापारी रामहरि श्रेष्ठको हत्या घटनामा माओवादीका पूर्वकमाण्डर गोविन्दबहादुर बटालालाई १० वर्ष कैद सजाय
- सर्वोच्चले जिल्ला र उच्चको तीन वर्ष सजायको फैसला र सफाइ दिने आफ्नै फैसला उल्टायो
- माओवादी शान्ति प्रक्रियामा आएपछिको ठूलो काण्डको न्यायिक निरूपण



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** १८ वर्षअघि कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्या भएको घटनामा तत्कालीन नेकपा माओवादीका कमाण्डर गोविन्दबहादुर बटालालाई सर्वोच्च अदालतले १० वर्ष कैद सजायको फैसला सुनाएको छ । यससँगै शान्ति प्रक्रियाको प्रारम्भिक चरणमा भएको एउटा बहुचर्चित हत्या घटनाको कानुनी टुंगो लागेको हो ।

बिहीबार न्यायाधीशहरू डा. नहकुल सुवेदी, अब्दुल अजीज मुसलमान र शान्तिसिंह थापाको पूर्णइजलासले पुनरावलोकन सुनुवाइपछि बटालालाई सर्वोच्चकै यसअघिको फैसला उल्ट्याउँदै १० वर्ष कैद सजाय सुनाएको हो । श्रेष्ठको हत्या तत्कालीन माओवादी जनमुक्ति सेनाको तेस्रो डिभिजनका कमाण्डर रहेका बटालासहितले गरेको अदालतले ठहर गरेको हो ।

घटनाको सुरुआत

१४ चैत २०६४ मा एक चोरी प्रकरणबाट भएको देखिन्छ । त्यसबेला चितवनको शक्तिखोरस्थित जनमुक्ति सेनाको तेस्रो डिभिजनले काठमाडौंको कोटेश्वरमा सम्पर्क कार्यालय सञ्चालन गरेको थियो । उक्त कार्यालयबाट १७ लाख रूपैयाँ नगद र एउटा पेस्तोल चोरी भएको घटना थियो । चोरीको घटनापछि त्यसको अनुसन्धानका नाममा माओवादी कमाण्डर बटालाको नेतृत्वमा केही व्यक्तिलाई नियन्त्रणमा लिइयो । चोरीमा संलग्न भएको आशंकामा केशव अधिकारी, गंगाराम थापा र व्यापारी रामहरि श्रेष्ठलाई नियन्त्रणमा लिएर चितवनस्थित शक्तिखोर शिविर लगिएको थियो । त्यहाँ उनीहरूमाथि सोधपुछ गरिएको थियो ।

अनुसन्धानका क्रममा रामहरिले चोरी प्रकरणमा केशव अधिकारी र गंगाराम थापाको नाम उल्लेख गरेका थिए । अदालतमा प्रस्तुत भएका विभिन्न प्रमाण र बयानअनुसार यही विषयपछि घटनाले हिंसात्मक रूप लिएको देखिन्छ ।

बटालाले आफूले दिएको बयानमा रामहरिले चोरीको विषयमा रहस्य खोलेपछि केशव अधिकारी र गंगाराम थापाले उनीमाथि आक्रमण गरेको बताएका थिए । उनका अनुसार 'चोरीको रहस्य किन खोलिस् ?' भन्दै रामहरिलाई निर्घात कुटपिट गरिएको थियो ।

तर, घटनाको समग्र परिस्थितिले यो दुई व्यक्तिको आक्रोशमा भएको कुटपिटमात्र नभई माओवादी शिविरभित्र नियन्त्रणमा रहेका व्यक्तिमाथि गरिएको संगठित हिंसा भएको थियो । किनभने रामहरिलाई नियन्त्रणमा राखिएको स्थान, उनीमाथि भएको व्यवहार र त्यसपछिका गतिविधि सबै जनमुक्ति सेनाको नियन्त्रणभित्र भएका थिए ।

कुटपिटपछि रामहरि गम्भीर घाइते भएका थिए । त्यसपछि के भयो भन्ने विषयमा बटालाले अदालतमा फरक दाबी गरेका थिए । उनले रामहरिलाई उपचारका लागि काठमाडौं लैजाने क्रममा नारायणगढ-मुग्लिन सडक खण्डको भालुढुंगातिर मृत्यु भएको बताएका थिए ।

तर, अनुसन्धानबाट प्राप्त प्रमाणहरूले बटालाको दाबीलाई पुष्टि गरेनन् । चितवनस्थित शिक्षण अस्पतालको अभिलेखअनुसार रामहरिलाई अचेत अवस्थामा अस्पताल पुर्‍याइएको थियो । अस्पतालका चिकित्सक डा. भोजराज अधिकारीले अदालतमा दिएको जानकारीअनुसार चार जना व्यक्तिले रामहरिलाई अस्पताल ल्याएका थिए । अस्पतालको अभिलेखमा उनको मृत्यु आइसियूमा भएको उल्लेख थियो । यसले बाटोमै मृत्यु भएको भन्ने बटालाको दाबी कमजोर बनाएको थियो ।

क्रमशः पृष्ठ २ मा

# विपक्षीमाथि खनिए अर्थमन्त्री

### आफ्नो गल्ती स्वीकारेनन्, बरु विगतको कमजोरी औंल्याउँदै रोस्ट्रमबाटै दिए 'पोल खोल्ने' चेतावनी

- करको दर हेरफेरको प्रमाण ल्याउन विपक्षीलाई अर्थमन्त्रीको चुनौती
- प्रमाण ल्याए मन्त्री पदसँगै सार्वजनिक जीवन त्याग्ने दाबी
- विपक्षीहरूको विगतका काण्डबारे जानकार रहेको र खोल्ने चेतावनी
- बदनाम गर्न योजनाबद्ध भ्रमण फैलाइएको दाबी
- आर्थिक विधेयकमा कर्मचारीले टाइप गर्दा गल्ती गरेकाले सच्याइएको स्वीकार
- सुशासनमा निर्मम ढंगले अघि बढ्दा आफूमाथि हिलो छ्याप्ने काम भएको आरोप



■ **जेबी योञ्जन**

**काठमाडौं–** आर्थिक विधेयकमा गरिएको संशोधन, करका दर हेरफेर र सूचना चुहावटसम्बन्धी आरोपका कारण दबाबमा परेका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफूविरुद्ध प्रश्न उठाउने सांसदहरूलाई कडा चेतावनी दिएका छन् । बिहीबार प्रतिनिधिसभा बैठकमै आक्रामक शैलीमा प्रस्तुत भएका उनले आफूमाथि औंलो ठडयाउने सांसदहरूका विगतका गतिविधि र विवादास्पद घटनाबारे आफूहरू जानकार रहेको भन्दै ती काण्ड पनि खुल्ने बताएका हुन् ।

अर्थमन्त्री वाग्लेले आफूविरुद्ध भ्रष्टाचार, कर चलखेल र अनियमितताका आरोप लगाउने सांसदहरूलाई नैतिकताको पाठ पढाउन खोज्दै भने, '...तपाईंहरूका काण्डबारे हामी अनभिज्ञ छौं र ? ती पनि खुल्ने छन् ।'

संसद्को रोस्ट्रमबाट आएको यो अभिव्यक्तिलाई धेरै सांसदहरूले सामान्य राजनीतिक प्रतिवादभन्दा बढी चेतावनीको रूपमा बुझेका छन् । खासगरी बजेटअघिको जाँचपास पासको कागज बनाएर बजेटपछि बिवाइडी गाडी कोरला नाकाहुँदै ल्याइएको प्रकरणमा निरन्तर प्रश्न उठिरहेका बेला अर्थमन्त्री वाग्ले आफ्नो बचाउमा निरन्तर लागिरहेका छन् ।

केही दिनयता आर्थिक वर्ष २०८३/८४ को बजेटसँगै प्रस्तुत गरिएको आर्थिक विधेयकमा पटक-पटक संशोधन गरिएको विषयले राजनीतिक वृत्त तातेको छ । विधेयकका फरक-फरक संस्करण सार्वजनिक हुनु, केही करका दर परिवर्तन भएको देखिनु र अर्थ मन्त्रालयको वेबसाइटबाट समेत एक दिन विधेयक गायब हुनुजस्ता घटनाले अर्थमन्त्रीमाथि शंका बढाएको छ । अर्थमन्त्री वाग्लेले पनि त्रुटि भएको स्वीकार गर्दै सच्याइएको बताएका छन् । तर, गल्ती आफूबाट नभई टाइप गर्नेबेला कर्मचारीले गल्ती गरेको भन्दै उनी पन्छिएका छन् ।

विपक्षी दलका सांसदहरूले यो विषयलाई गम्भीर अनियमितताको रूपमा प्रस्तुत गर्दै छानबिनको माग गरिरहेका छन् । संसद्मामात्रै होइन, प्रतिनिधिसभाअन्तर्गतको अर्थ समिति र सार्वजनिक लेखा समितिमासमेत अर्थमन्त्री वाग्लेले लगातार प्रश्नको सामना गर्नुपरेको छ ।

तर, ती प्रश्नको जवाफ दिने क्रममा वाग्लेले आफूमाथि लागेको आरोपलाई राजनीतिक प्रहारका रूपमा चित्रण गरे । उनले आफूलाई बदनाम गर्न योजनाबद्ध रूपमा भ्रम फैलाइएको दाबी गरे । उनले आफूमाथि लगाइएका भ्रष्टाचारका आरोपहरूको प्रतिवाद गर्दै कुनै पनि प्रकारको अनियमितता प्रमाणित भए तत्काल पद छाड्ने घोषणा पनि गरे ।

'दुई अर्बको कुरा गरियो । दुई अर्ब होइन, दुई रूपैयाँको पनि बदमासी वा बेइमानी मबाट भएको प्रमाणित भए म मन्त्री पद त्याग्न तयार छु । सार्वजनिक जीवन नै त्याग्न पनि तयार छु,' उनले चुनौती दिँदै भने, 'यो नैतिक आँट ममाथि औंलो ठडयाउने माननीयज्यूहरूलाई पनि प्राप्त होस् ।'

उनले आफूलाई आरोप लगाउने सांसदहरूलाई लक्षित गर्दै दिएको उक्त चेतावनीले थप विवाद चर्काएको छ । वाग्लेको भनाइले राजनीतिक वृत्तमा दुईवटा सन्देश दिएको विश्लेषण भइरहेको छ । पहिलो, 'जो चोर, उसकै ठूलो स्वर' प्रवृत्ति देखाउनु र दोस्रो, आफू कुनै पनि आरोपबाट डराएको छैन भन्ने देखाउन खोज्नु ।

संसद्मा उठेको विवादको केन्द्र आर्थिक विधेयकमा भएको संशोधन हो । एमाले सांसद डा. पुष्पराज कँडेलले अर्थ समितिमा विधेयक चारपटकसम्म परिवर्तन भएको विषय उठाएका थिए । उनले बजेट पेस भएपछि विभिन्न पृष्ठ संख्या भएका विधेयकका प्रतिहरू भेटिएको र एक दिन अर्थ मन्त्रालयको वेबसाइटबाट समेत विधेयक हटाइएकोबारे प्रश्न गरेका थिए । त्यसपछि अर्थमन्त्री वाग्ले झन् रक्षात्मक अवस्थामा पुगेका थिए । तर, बिहीबार भने उनले आरोपको प्रतिवादमात्र गरेनन्, आरोप लगाउनेहरूलाई नै आक्रोशित हुँदै जवाफ फर्काए ।

उनले विधेयकका पृष्ठ संख्या फरक देखिनुलाई ठूलो विषय बनाइएको भन्दै सञ्चारमाध्यम र आलोचकहरूमाथि समेत व्यंग्य गरे । '४५०-४६० पानाको डकुमेन्टमा कोलम अलिकति सार्दा पनि पृष्ठ तलमाथि हुन्छ,' उनले भने ।

उनको यो अभिव्यक्ति पनि विवादित बनेको छ । कतिपयले गम्भीर संवैधानिक र कानुनी प्रश्न उठेका बेला अर्थमन्त्रीले त्यसलाई प्राविधिक बहानामा टार्न खोजेको भन्दै टिप्पणी गर्न थालेका छन् । यद्यपि, करका दर हेरफेरको विषयमा पनि वाग्लेले आफ्नो बचाउ गरे ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## वैदेशिक रोजगारीका समस्या प्राथमिकतामा नपरेको सांसदहरूको गुनासो

■ **ममता थापा**

**काठमाडौं–** प्रतिनिधिसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमाथि छलफल चलिरहँदा केही सांसदहरूले वैदेशिक रोजगारीको समस्या प्राथमिकतामा नपरेको विषय उठाएका छन् । बिहीबार छलफलमा सहभागी सत्तापक्ष र प्रतिपक्ष दलका सांसदहरूले उक्त विषय उठाएका हुन् ।

नेपाली कांग्रेसका सांसद चन्द्रमोहन यादवले वैदेशिक रोजगारीमा लाखौं जनशक्ति विदेसिएको भन्दै चिन्ता व्यक्त गरे । ठूलो संख्यामा युवाहरू रोजगारीमा जाँदा सामाजिक संरचनामा गम्भीर असर पारिरहेको उनले बताए । बजेटसम्बन्धी छलफलमा यस विषयले प्राथमिकता नपाएको सांसद यादवले गुनासो गरे ।

'अहिले पनि मधेस प्रदेशबाट सबैभन्दा बढी विदेसिएका छन् । उनीहरूका सारा परिवार बर्बाद भइरहेको छ,' उनले भने, 'हजारौं वर्षदेखि चलिआएको सामाजिक संरचना भत्किरहेको छ । यो विषयमा राम्रो छलफल भएको मैले पाइनँ । कसरी रोक्ने विदेश जाने शक्तिलाई ?'

गत आर्थिक वर्ष २०८१/८२ मा आठ लाख ३९ हजार २६६ जना रोजगारीमा जाँदा एक लाख ९३ हजार ९०२ जना मधेस प्रदेशका आठ वटा जिल्लाबाट गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । सातवटा प्रदेशमध्ये उक्त प्रदेशबाट २३.१० प्रतिशत गएको पाइन्छ । त्यस्तै, आव २०८०/८१ मा सात लाख ४१ हजार २९७ जना रोजगारीमा जाँदा एक लाख ७२ हजार ८०७ जना अर्थात् २३.३१ प्रतिशत मधेसबाट गएका थिए । उक्त प्रदेशमा व्याप्त गरिबी, विभिन्न सामाजिक मूल्यमान्यतालगायत कारणले विशेषगरी खाडीको रोजगारीमा जानेहरू बढी छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गोविन्द पन्थीले युवाहरू देशअनुसार डेढ लाखदेखि ७५ लाख रूपैयाँसम्म तिरेर वैदेशिक रोजगारीमा गइरहेकोतर्फ सरकारको ध्यानाकर्षण गराए । यसलाई रोक्न स्पष्ट कानुन र त्यसको कार्यान्वयनको सुनिश्चितता हुनुपर्ने उनको भनाइ छ ।

'अहिले पनि खाडीमा जान डेढ लाखदेखि सात लाख, युरोप जान सातदेखि १२ लाख म्यानपावरहरूले लिने गरेका देखिन्छ । बेलायत, क्यानडा, अमेरिका जान ३५ देखि ७५ लाख रूपैयाँसम्म दलाल एवं मानव तस्करलाई बेरोजगार युवाहरूले तिर्न परेको र जान नपाउँदा वर्षौंसम्म भौतारिनुपरेको अवस्था छ,' सांसद पन्थीले भने, 'यस्ता गैरकानुनी धन्दा रोक्न र युवाहरूलाई न्याय दिलाउन स्पष्ट कानुन र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्छ ।'

साथै, स्वदेशको रोजगारीले जीविकोपार्जन गर्न नसक्दा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढेको विषयसमेत उनले उठाए । नेपाल प्रहरीका अवकाशप्राप्त प्रहरी नायव उपरीक्षक (डिएसपी) समेत रहेका पन्थीले सोही क्षेत्रको उदाहरण दिँदै यसतर्फ राज्यले अध्ययन गर्नुपर्ने बताए । 'तल्लो तहका प्रहरी कर्मचारीले न्यून सेवा सुविधाका कारण आफ्ना छोराछोरीलाई स्तरीय शिक्षा तथा जीविकोपार्जन गर्न नसक्दा उमेर छँदै वैदेशिक रोजगारीमा गएर आफ्नो व्यवस्थापन गर्न सकिन्छ भनेर १६ वर्षमै पेन्सन अवधि हुनपर्ने माग राखिरहेको तथ्यांकबाट देखिन्छ । यसमा अध्ययन गर्नु आवश्यक छ,' उनले भने ।

क्रमशः पृष्ठ २ मा



ठूलो संख्यामा युवाहरु रोजगारीमा जाँदा हजारौं वर्षदेखि चलिआएको सामाजिक संरचना भत्किएका छन् । यो विषयमा प्राथमिकताका साथ छलफल नै हुन सकेन ।

**चन्द्रमोहन यादव**
सांसद, नेपाली कांग्रेस



युवाहरु डेढ लाखदेखि ७५ लाखसम्म तिरेर वैदेशिक रोजगारीमा गइरहेका छन् । यसलाई रोक्न स्पष्ट कानुन र त्यसको कार्यान्वयन हुनुपर्छ ।

**गोविन्द पन्थी**
सांसद, रास्वपा



वैदेशिक रोजगारीमा जाने प्रवृत्तिलाई क्रमशः न्यूनीकरण गर्न आन्तरिक रोजगारीलाई प्रोत्साहन गर्ने नीति लिइएको छ ।

**डा. स्वर्णिम वाग्ले**
अर्थमन्त्री

## संघको नयाँ कार्यसमितिलाई संयुक्त व्यवसायी समूहको बधाइ



**काठमडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिलाई निर्वाचन मूल आयोजक समिति संयुक्त व्यवसायी समूहले बधाइ तथा शुभकामना दिएको छ । बिहीबार एक कार्यक्रम आयोजना गरी नवनिर्वाचित पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई बधाइ ज्ञापन गरिएको हो ।

कार्यक्रममा निर्वाचनका लागि गठित प्रबन्ध समितिका संयोजक तथा संघका पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले निर्वाचन सफल बनाउन भूमिका खेल्ने सम्पूर्ण घटक संस्था तथा व्यवसायीलाई धन्यवाद दिँदै आगामी दिनमा एक जुट भएर अगाडि बढ्न नवनिर्वाचित कार्यसमितिलाई सुझाव दिए ।

'हामी कुन अवस्थाबाट गुज्रिरहेका छौं भन्नेमा यहाँहरू जानकार हुनुहुन्छ । व्यवसायीको अपेक्षा धेरै छ,' उनले भने, 'सरकारको अपेक्षा त्यही अनुसारको छ । आग्रह पूर्वाग्रहभन्दा पनि सबै कुरालाई समायोजन गरेर अघि बढ्नुपर्ने छ ।' कार्यक्रममा निर्वाचन मुल समितिका रघुनाथ पुरी, नवराज केसी, संयोजक नरेश गोलाल, नवनिर्वाचित कार्यमितिका सम्पूर्ण पदाधिकारी, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावललगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्ने अन्य वक्ताहरूले पनि व्यवसायीहरूलाई एक जुट बनाएर संघलाई सशक्त बनाउन सुझाव दिए । व्यवसायीको हित र यस क्षेत्रलाई सम्मानित पेसा बनाउने लक्ष्यलाई पहिलो प्राथमिकतामा राख्न उनीहरूको सुझाव थियो ।

संघका नवनिर्वाचित अध्यक्ष डिकबहादुर खत्रीले वैदेशिक रोजगार व्यवसायलाई सम्मानित पेसा बनाउनका लागि नीतिगत सुधार गर्न दृढ भएर लाग्ने प्रतिबद्धता जनाए । संघको गत आइतबार सम्पन्न विशेष साधारणसभाबाट खत्रीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो । नवनिर्वाचित कार्यसमितिले बुधबार पदभार ग्रहण गरेको थियो ।

**पृष्ठ १ बाट क्रमशः**

## सर्वोच्चले आफ्नै...

घटनाको सबैभन्दा संवेदनशील पक्ष भने शव व्यवस्थापनसँग जोडिएको थियो । जनमुक्ति सेना नेपालको तेस्रो डिभिजनले ३ जेठ २०६५ मा प्रहरीलाई पठाएको पत्रमा रामहरिको शव नारायणी नदीमा फालिएको उल्लेख गरिएको थियो । अनुसन्धानका क्रममा पनि शव लुकाउन प्रयास गरिएको तथ्य खुलेको थियो ।

जाँचबुझ समितिको प्रतिवेदनअनुसार रामहरिको शव तन्नामा बेरेर त्यसमा ढुंगा बाँधिएको थियो । शव पानीमा डुबेर हराओस् र फेला नपरोस् भन्ने उद्देश्यले यस्तो गरिएको निष्कर्ष प्रतिवेदनमा उल्लेख गरिएको थियो । शवलाई झोलुंगे पुलबाट नदीमा फालिएको विवरण विभिन्न बयानमा आएको थियो । पछि व्यापक खोजी गरिए पनि शव तत्काल फेला परेन । केही समयपछि सड्न थालेको अवस्थामा त्रिशूली नदी किनारमा शव भेटिएको थियो ।

घटनापछि रामहरिकी पत्नी रमिला श्रेष्ठले बानेश्वर प्रहरी वृत्तमा जाहेरी दिएकी थिइन् । जाहेरीमा उनले 'सानो काम छ' भन्दै आफ्नो श्रीमान्लाई बोलाएर लगिएको र त्यसपछि बेपत्ता बनाइएको उल्लेख गरेकी थिइन् । उनले बटाला र कालीबहादुर खामलाई घटनामा संलग्न रहेको किटानीसमेत गरेकी थिइन् । प्रहरी अनुसन्धानपछि मुद्दा अदालतमा पुगेको थियो ।

जिल्ला अदालत चितवनले १७ जेठ २०६८ मा बटालालाई दोषी ठहर गर्दै तीन वर्ष कैद सजाय सुनाएको थियो । अदालतले घटनामा उनको भूमिका रहेको निष्कर्ष निकाले पनि प्रत्यक्ष हत्या गरेको प्रमाण पर्याप्त नभएको आधारमा कम सजाय निर्धारण गरेको थियो ।

पुनरावेदन अदालतले पनि जिल्ला अदालतको फैसला सदर गरेको थियो । अदालतले रामहरिमाथि कुटपिट भएको स्थान जनमुक्ति सेनाको नियन्त्रणमा रहेको र त्यहाँ भएका गतिविधिको जिम्मेवारी नेतृत्व तहले लिनुपर्ने ठहर गरेको थियो ।

तर, २०७७ सालमा सर्वोच्च अदालतको संयुक्त इजलासले बटालालाई सफाइ दिएको थियो । न्यायाधीश तेजबहादुर केसी र टंकबहादुर मोक्तानको इजलासले प्रत्यक्ष हत्यामा संलग्न भएको पर्याप्त आधार नदेखिएको भन्दै उनलाई उन्मुक्ति दिएको थियो । त्यो फैसला सार्वजनिक भएपछि चौतर्फी आलोचना भएको थियो । मानवअधिकारकर्मी, कानुनविद् तथा द्वन्द्वकालीन घटनाका पीडित पक्षले उक्त निर्णयमाथि गम्भीर प्रश्न उठाएका थिए । त्यसपछि महान्यायाधिवक्ताको कार्यालयले पुनरावलोकनको निवेदन दर्ता गराएको थियो ।

२०७७ असोजमा सर्वोच्च अदालतले पुनरावलोकनको अनुमति दिएपछि मुद्दा पूर्णइजलासमा पुगेको थियो । करिब साढे पाँच वर्ष लामो कानुनी प्रक्रियापछि सर्वोच्च अदालतको पूर्ण इजलासले अन्ततः बटालालाई दोषी ठहर गर्दै १० वर्ष कैद सजाय सुनाएको हो । पूर्ण इजलासले यसअघि सर्वोच्चकै संयुक्त इजलासले दिएको सफाइको फैसलामात्र उल्टाएन, जिल्ला र पुनरावेदन अदालतले निर्धारण गरेको सजाय पनि पर्याप्त नभएको निष्कर्ष निकाल्यो ।

सर्वोच्चको पछिल्लो फैसलाले रामहरिको हत्या सामान्य झडप वा आकस्मिक घटनाको परिणाम नभई नियन्त्रणमा लिइएका व्यक्तिमाथि गरिएको हिंसा, त्यसपछि शव लुकाउने प्रयास र प्रमाण मेटाउने गतिविधिसँग जोडिएको गम्भीर आपराधिक घटना भएको सन्देश दिएको कानुनविद्हरूको टिप्पणी छ ।

■■■

## विपक्षीमाथि...

बजेट पेस भइसकेपछि केही करका दर परिवर्तन भएको विषय सार्वजनिक भएपछि पूर्वअर्थमन्त्री जनार्दन शर्मामाथि लागेको 'कर चलखेल' प्रकरणसँग यसको तुलना गरिएको थियो ।

तर, वाग्लेले आफूले कुनै व्यापारी वा समूहलाई फाइदा पुग्ने गरी निर्णय नगरेको दाबी गरे । उनका अनुसार रगत र भ्याक्सिन बोक्ने क्यारियरसम्बन्धी भन्सार दर सच्याउने क्रममा प्राविधिक त्रुटि सुधार गरिएको मात्र हो ।

तर, विपक्षी सांसदहरू यो व्याख्याबाट सन्तुष्ट छैनन् । उनीहरू आर्थिक विधेयकका विभिन्न संस्करण कसरी बने, कसले परिवर्तन गर्‍यो र किन गर्‍यो ? भन्ने प्रश्नको स्पष्ट जवाफ खोजिरहेका छन् । यही दबाबकाबीच अर्थमन्त्रीले संसद्मा आक्रोशित सुनिएका हुन् । उनले आफूविरुद्ध उठेका आरोपलाई 'हिलो छ्याप्ने अभियान' को संज्ञा दिए । 'सुशासनमा निर्मम ढंगले अघि बढेको व्यक्तिलाई हिलो छ्याप्ने काम भएको छ । हिलो छ्यापेपछि जति धोए पनि केही टाटा बाँकी रहन्छ,' उनले भने ।

उनको भनाइमा आफूलाई नियोजितरूपमा बदनाम गर्ने प्रयास भइरहेको पीडामात्र होइन, आरोप लगाउनेहरूप्रति असन्तुष्टि पनि स्पष्ट देखिन्थ्यो । सूचना चुहावटको विषयमा पनि वाग्लेले बैठकमा कडा प्रतिवाद गरे । विद्युतीय सवारीसाधनको करसम्बन्धी जानकारी बजेटअघि नै बाहिरिएको आशंका गरिएको छ । केही आयातकर्ताले कर बढ्नुअघि ठूलो परिमाणमा गाडी भित्र्याएको विषय सार्वजनिक भएपछि सूचना चुहावटको प्रश्न उठेको थियो ।

तर, वाग्लेले आफू वा आफ्नो टोलीबाट कुनै सूचना बाहिर नगएको दाबी गर्दै आएका छन् । उनले प्रमाण भए सार्वजनिक गर्न चुनौतीसमेत दिए । 'मबाट सूचना चुहिएको भए एउटा सानो प्रमाण ल्याइदिनुस्,' उनले भने ।

उनको यो चुनौती पनि विपक्षी सांसदहरूप्रति लक्षित थियो । पछिल्ला दिनमा संसद्मा निरन्तर उठिरहेको छानबिनको मागप्रति उनले असन्तुष्टि व्यक्त गरे । जुनसुकै विषयमा छानबिन समिति बनाएर संसद्को ओज घटाउन नहुने तर्कसमेत उनले राखेका छन् ।

■■■

## वैदेशिक रोजगारीका...

यसैगरी नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का युवराज दुलालले रेमिटान्सबाट आफूलाई मध्यम वर्गमा स्तररोन्नति गर्न संघर्ष गरिरहेका नेपालीहरूले अब भने परिवारसँग स्वदेशमै बसेर रोजगारी गर्न पाइने आश गरे पनि बजेटले त्यसतर्फ नलगेको टिप्पणी गरे ।

सांसदहरूको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वैदेशिक रोजगारीमा जाने प्रवृत्तिलाई क्रमशः न्यूनीकरण गर्न आन्तरिक रोजगारीलाई प्रोत्साहन गर्ने विभिन्न नीतिहरू लिएको बताए । पछिल्लो समय वैदेशिक रोजगारीबाट भित्रिएको रेमिटान्सले मुलुकको गरिबी घटाएको यथार्थ स्वीकार्दै अर्थमन्त्री वाग्लेले कृषि आधुनिकीकरण, सिँचाइ, कृषि बिमा, श्रमिक सुरक्षा, सीप विकास, स्टार्टअप, पर्यटन, डिजिटल अर्थतन्त्र र निजी लगानीमार्फत मुलुकमै रोजगारी सिर्जना गर्ने रणनीति लिएको बताए ।

यसका लागि युवा, श्रम तथा रोजगार मन्त्रालयलाई पनि रूपान्तरण गर्ने उनको भनाइ छ । 'श्रम मन्त्रालयलाई वैदेशिक रोजगारी व्यवस्थापन गर्ने मन्त्रालय होइन, स्वदेशी श्रमबजार निर्माण, श्रमिक संरक्षण र उत्पादक रोजगारी प्रवर्द्धन गर्ने मन्त्रालयको रूपमा रूपान्तरण गर्छौं,' वाग्लेले भने ।

श्रमिकलाई सुरक्षित बनाएर औपचारिक श्रमबजारमा आबद्ध गराउन राष्ट्रिय श्रम दर्ता प्रणालीको कल्पना, डिजिटल श्रमबजार, लिखत श्रम सम्झौता, न्यूनतम ज्याला कार्यान्वयन आदिमार्फत श्रमिकलाई सुरक्षित र श्रमबजारमा आबद्ध गराउने कार्यक्रम ल्याइएको अर्थमन्त्री वाग्लेको भनाइ छ ।

अध्ययन भिसा सिफारिसमा अनियमितता

# छानबिन र कारबाही अघि बढाउन गृहलाई पत्राचार

**काठमाडौं (प्रस)–** अध्ययन भिसा सिफारिस प्रक्रियामा शंकास्पद कागजात र नक्कली रसिद प्रयोग भएको आशंका देखिएपछि शिक्षा तथा खेलकुद मन्त्रालयले विस्तृत छानविन गरी कानुनी कारबाही प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

शिक्षा मन्त्रालयले बिहीबार गृह मन्त्रालयलाई पठाएको पत्रमार्फत विदेशी विद्यार्थीका लागि जारी गरिएको अध्ययन भिसा सिफारिससँग सम्बन्धित कागजातमा गम्भीर शंका उत्पन्न भएको भन्दै अनुसन्धान र आवश्यक कानुनी प्रक्रिया अघि बढाउन पत्राचार गरेको हो । मन्त्रालयका अनुसार काठमाडौंस्थित वाल्मिकी विद्यापीठको नामबाट 'एकेडेमिक अध्ययन भिसाका लागि सिफारिस सम्बन्धमा' विषयको पत्र प्राप्त भएपछि अध्ययन भिसाका लागि सिफारिस गरिएको थियो । तर त्यसपछि मन्त्रालयको टोलीले सम्बन्धित शैक्षिक संस्थामा स्थलगत अनुगमन गर्दा सिफारिस गरिएको विद्यार्थीका नाममा जारी गरिएको पत्र र त्यससँग संलग्न आम्दानी रसिद बास्तविक देखिए पनि पत्रमा उल्लेखित व्यक्तिको भर्ना तथा अध्ययनसम्बन्धी विवरणमा गम्भीर असंगति फेला परेको जनाएको छ ।

अनुगमनका क्रममा उक्त व्यक्तिले सम्बन्धित शैक्षिक संस्थामा विदेशी विद्यार्थीका रूपमा अध्ययन गरिरहेको दाबी पुष्टि हुन नसकेको मन्त्रालयको निष्कर्ष छ । साथै मन्त्रालयमा पेस गरिएका केही कागजात र रसिदसमेत शंकास्पद तथा नक्कली प्रकृतिका देखिएको शिक्षा मन्त्रालयले जनाएको छ ।

यसै क्रममा मन्त्रालयले सोही विद्यापीठका नामबाट यसअघि प्राप्त अर्को पत्रसमेत नक्कली रहेको पाइएको जनाएको छ । मन्त्रालयका अनुसार प्रारम्भिक अनुसन्धानबाट पेस गरिएका कागजातहरूको विश्वसनीयतामाथि प्रश्न उठेकाले अध्ययन भिसाका लागि जारी गरिएका सिफारिस पत्रसमेत खारेज गरिएको छ । मन्त्रालयले गृह मन्त्रालयलाई पठाएको पत्रमा उक्त घटनासँग सम्बन्धित सबै पक्षमाथि विस्तृत छानविन गरी प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाउन आग्रह गरेको हो । साथै अध्ययन भिसा सिफारिस प्रक्रियाको दुरुपयोग रोक्न सम्बन्धित निकायबीच थप समन्वय आवश्यक रहेको पनि औंल्याइएको छ ।

नेपालमा विदेशी विद्यार्थीलाई अध्ययनका लागि भिसा सिफारिस गर्दा सम्बन्धित शैक्षिक संस्थाबाट जारी भएका भर्ना, अध्ययन तथा शुल्कसम्बन्धी आधिकारिक कागजातका आधारमा प्रक्रिया अघि बढाइन्छ । अध्यागमन विभागले अध्ययन भिसा सिफारिस गर्दा विद्यार्थी वास्तविक रूपमा अध्ययनमा संलग्न रहेको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ ।

त्यस्तै, नेपाल सरकारका विभिन्न निकायले भिसा वा वैदेशिक अध्ययनसम्बन्धी कुनै पनि प्रक्रियामा गलत, भ्रामक वा नक्कली कागजात पेस गरेमा कानुनी कारबाही हुनसक्ने भन्दै समय-समयमा सचेत गराउँदै आएका छन् । शिक्षा तथा खेलकुद मन्त्रालयले पछिल्लो घटनालाई अध्ययन भिसा प्रणालीको विश्वसनीयतासँग जोडिएको गम्भीर विषयका रूपमा लिएको छ । मन्त्रालयले अनुसन्धानको निष्कर्षका आधारमा थप प्रशासनिक तथा कानुनी निर्णय लिइने पनि स्पष्ट गरेको छ ।

# ठाउँठाउँमा भारी वर्षा

**काठमाडौं (प्रस)–** मौसम बदली भई देशका विभिन्न क्षेत्रमा वर्षा भएकाले तापक्रम ह्वात्तै घटेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीबार देशमा सबैभन्दा उच्च तापक्रम भैरहवामा ३२.६ र धनगढीमा ३२.३ डिग्री मापन गरिएको थियो । तापक्रम घट्दा देशभर शीतल महसुस भएको छ ।

अन्य जिलामा त्यो भन्दा कम नै तापक्रम रहेको छ । तीन दिनअघि केही जिल्लामा ४१ डिग्री नाघेको तापक्रम बिहीबार घटेको हो ।

यसैबीच गएको २४ घण्टामा विभिन्न जिल्लामा भारी वर्षा भएको छ । विभागका अनुसार धनुषा, महोत्तरी, बारा, मोरङ, मकवानपुर, नवलपरासीपूर्व, तनहुँलगायत जिल्लाका केही मापन केन्द्रमा भारी वर्षा मापन भएको छ ।

विभागका सूचना अधिकारी दिनकर कार्यस्थका अनुसार आज शुक्रबार कोशी, मधेस र बागमती प्रदेशलगायत देशको हिमाली र पहाडी भूभागमा साधारणतया बादल लाग्ने तथा बाँकी तराई भूभागमा आंशिक बादल लाग्ने छ ।

कोशी र मधेस प्रदेशलगायत देशका हिमाली र पहाडी भूभागका थोरै स्थान तथा बागमती, सोही कारण गण्डकी र लुम्बिनी प्रदेशका तराई भूभागका एकदुई स्थानमा मेघगर्जन/चटयाङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना रहेको जनाइएको छ । हाल नेपालमा उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यूनचापीय रेखा तथा स्थानीय वायुको प्रभाव रहेको छ ।

## राहदानी हरायो

मिति २०८०/०२/०८ गते रोल्पाबाट काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **विवश बुढा मगर**
राहदानी नं : **१०१९८४३५**
ठेगाना : **काठमाडौं**
फोन नं : **९८४४२९५६७१**

## बिमालेख हराएको सूचना

मिति २०८३/०१/२७ गते, कलंकी देखि बालाजुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रामजी सुतार कार्की**
**बिमालेख नं : १७००१८७८४**
**ठेगाना : फेदिगुठ-८, ओखलढुंगा**
**कम्पनी: एल.आई.सि (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१२१८२५५**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/२९**

**भिजन कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि.** को मिति २०८३/०२/२४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भिजन जापानिज ल्याङ्वेज सेन्टर प्रा. लि. (दर्ता नं. ३३७४३५)** कायम गर्ने गरी मिति २०८३/०२/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/२९ गते**

यस कम्पनीको मिति २०८२/०९/१५ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **धुम्रबाराही इन्टरप्राईजेज् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री आर.श्री ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि.नं. १२६८०२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## साउदीमा रोजगार

कम्पनी : SAAD ALI AL-MAHRI FOUNDATION शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०२/२८ चलानी नं.: ६०२५६६४४ LT.No.: 343341

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING AND UNLOADING | 1 | 0 | स. काममा दक्ष | 1000 | ४०,५३० | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार ५ गते (19 June, 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## युएइमा रोजगार

कम्पनी : ALNAJMA ALFAREEDA INTERNATIONAL FACILITIES MANAGEMENT SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०७/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 312949 चलानी नं. ६०२२७३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaners (Female ) | 0 | 25 | 900 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard/guard | 50 | 0 | 1200 | ४९,८२५ | | | | | | | |
| 3 | Worker Cleaner | 45 | 0 | 800 | ३३,३२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



## कतारमा रोजगार

कम्पनी : FITOUT INTERIORS AND CONTRACTING WLL
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 343327 चलानी नं. ६०२५६६३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter Assistant | 2 | 0 | 1200 | ५०,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Stone Mason | 3 | 0 | 1200 | ५०,१७० | | | | | | | |
| 3. | Assitant | 3 | 0 | 1200 | ५०,१७० | | | | | | | |
| 4. | Carpenter | 2 | 0 | 1200 | ५०,१७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३२८/०७४/७५
EXCELLENT MANPOWER SERVICES PVT.LTD.
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np



## साउदीमा रोजगार

कम्पनी : Ghothah For Beverages Establishment
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 343143 चलानी नं. ६०२५६६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 283/058/59
FUSION INTERNATIONAL PVT. LTD.
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Contact No. + 977-1-4565326, 9851157497, E-mail : fusioninternational2002@gmail.com



## युएइमा रोजगार

कम्पनी : MUROOJ AL REEF PLASTER CONT
पूर्व स्वीकृति मिति : २०८३/०२/२७ LT. No. 343223 चलानी नं. ६०२५६५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 7 | 0 | 1500 | ६२,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer (Semi-Skilled) | 7 | 0 | 1500 | ६२,२८४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Fix Job Overseas Pvt. Ltd.
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com



## कतारमा रोजगार

कम्पनी : ABBAN CONTRACTING AND HOSPITALITY
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 341212 चलानी नं. ६०२५६६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 1 | 1500 | ६२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | cashier female | 0 | 1 | 1500 | ६२,७१० | | | | | | | |
| 3 | Cleaner General | 2 | 0 | 1500 | ६२,७१० | | | | | | | |
| 4 | Cleaners (Male) | 1 | 0 | 1500 | ६२,७१० | | | | | | | |
| 5 | Coffee Waiter | 2 | 0 | 1500 | ६२,७१० | | | | | | | |
| 6 | Foreman | 2 | 1 | 2500 | १०४,५१६ | | | | | | | |
| 7 | Purchasing Representative | 0 | 1 | 2200 | ९१,९७४ | | | | | | | |
| 8 | Security Guards | 3 | 0 | 1800 | ७५,२५२ | | | | | | | |
| 9 | Waiter | 1 | 0 | 1500 | ६२,७१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam dahal 9803123205
Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com



## साउदीमा रोजगार

कम्पनी : DHAFER M AL ZLAIQ & PARTNERS GEN CONT CO
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No.343292 चलानी नं. ६०२५६६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## मलेसियामा रोजगार

कम्पनी : SILCOTECH INDUSTRY SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 343433 चलानी नं. ६०२५६६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 13 | 0 | 1700 | ६३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JUASON PLASTICS SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 343434 चलानी नं. ६०२५६६३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 11 | 0 | 1700 | ६३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ENG HEAP SENG RICE & FLOUR MILL SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 343435 चलानी नं. ६०२५६६३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 6 | 0 | 1700 | ६३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तिम अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ । प्रि अन्तर्वाता धमाधम भइरहेको छ**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Mobile no: 9849038785, Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५



## साउदीमा रोजगार

कम्पनी : TANFIDHI COMPANY BUSINESS SERVICES SHAKHS WAHID
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ LT. No. 343320 चलानी नं. ६०२५६६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 10 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

# विपद् व्यवस्थापनमा केही कानुन बाधक देखिए: गृहमन्त्री



**काठमाडौं (प्रस)–** गृहमन्त्री सुधन गुरुङले विपद् व्यवस्थापनमा केही कानुन बाधकका रूपमा देखिएको बताएका छन् । प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा उनले विपद् व्यवस्थापनसँग आवश्यक उपकरण खरिदमा ऐन नै बाधक भएको बताए ।

अप्ठ्यारोमा परेका नागरिकको उद्धारका लागि अहिले विश्वबजारमा सुविधा सम्पन्न उपकरणको उपलब्धता भए पनि सार्वजनिक खरिद ऐनका कारण मनसुनको समयमा ती सामग्री प्रयोग गर्न नसकिने अवस्था देखिएको उनले बताए ।

'अहिले २०० किलो 'लिफ्टिङ' गर्ने ड्रोन आएका छन् । सार्वजनिक खरिद ऐनअनुसार सो उपकरण किन्न डेढ महिनाभन्दा बढी चाहिन्छ, प्रक्रिया पुर्‍याएर खरिद गर्दा मनसुन सकिन्छ,' गृहमन्त्री गुरुङले भने, 'यो कस्तो ऐन हो ? काम गर्न सजिलो हुनेगरी ऐन बनाइदिएको भए हामीले पनि केही गर्थ्यौं होला ।'

आफू एक दशकदेखि विपद्का समयमा नागरिकको सेवामा खटिँदै आएको स्मरण गर्दै मन्त्री गुरुङले सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोकमा पहिलोपटक उच्च भारवहन क्षमताको ड्रोनमार्फत राहत वितरण गरिएको बताए । उनले उपत्यकाका नदी किनारमा जोखिमयुक्त अवस्थामा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको बताए ।

# बालमैत्री खेलको वातावरण निर्माण गर्न अनुरोध

**काठमाडौं (प्रस)–** राष्ट्रिय बालअधिकार परिषद्ले बालबालिकाका लागि सुरक्षित, समावेशी, पहुँचयोग्य, सम्मानजनक र बालमैत्री खेलको वातावरण निर्माण गर्न सरोकार भएकालाई अनुरोध गरेको छ । परिषद्ले बिहीबार विज्ञप्ति जारी गरी बालबालिकाका लागि सुरक्षित, समावेशी, पहुँचयोग्य, सम्मानजनक र बालमैत्री खेलको वातावरण निर्माण गर्न तथा खेलमार्फत बालअधिकारको सम्मान र सुनिश्चितता लागि थप सक्रिय हुन पनि अनुरोध गरेको हो ।

अन्तर्राष्ट्रिय खेल दिवसका अवसरमा आफ्नो धारणा व्यक्त गर्दै परिषद्ले भनेको छ, 'संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ तथा नेपालको संविधान, २०७२ र बालबालिकासम्बन्धी ऐन, २०७५ ले सुनिश्चित गरेको बालबालिकाको विश्राम, मनोरञ्जन र खेलको अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न परिवार, विद्यालय, समुदाय तथा राज्यका सबै तहको साझा प्रतिबद्धता र सार्थक रूपमा कार्यान्वयनको आवश्यकता छ ।'

खेल खेल्न तोकिएका स्थान तथा विद्यालयमा सुरक्षित, सम्मानजनक र समावेशी अभ्यासको वातावरणले बालबालिकाविरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, विभेद् तथा शोषणबाट बालबालिका सुरक्षित हुन तथा उनीहरूको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने परिषद्को भनाइ छ ।

परिषद्ले सम्पूर्ण बालबालिका, अभिभावक, शिक्षक, समुदाय, विद्यालय, स्थानीय तह तथा सरोकार भएका निकाय तथा संस्थालाई बालबालिकाको संवैधानिक र कानुनी रूपमा खेल्न पाउने अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न पनि आह्वान पनि गरेको छ ।

'खेल बालबालिकाको आधारभूत अधिकारमात्र नभई उनीहरूको बाँच्न पाउने, संरक्षण, विकास र सहभागितासम्बन्धी अधिकारको प्रभावकारी कार्यान्वयनको महत्त्वपूर्ण माध्यम हो,' परिषद्ले विज्ञप्तिमा उल्लेख गरेको छ, 'खेलले बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक तथा भावनात्मक विकासमा सकारात्मक योगदान पुर्‍याउनुका साथै उनीहरूलाई आत्मविश्वासी, सिर्जनशील, क्रियाशील र जिम्मेवार नागरिक बन्न सहयोग पुर्‍याउँछ ।'

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७४।०१।१७ मा दर्ता भएको प्रा.लि.नं. १६७७४४ को **एस.एम कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७८।११।३० मा दर्ता भएको प्रा.लि.नं. २८६४३२ को **टिम्स इन्स्टिच्युट अफ म्यानेजमेन्ट स्टडिज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०८१।०६।१३ मा दर्ता भएको प्रा.लि.नं. ३५३०५१ को **फाईनान्सियल मेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।११।२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# लागुऔषध नियन्त्रण ब्युरोको दक्षता अभिवृद्धि गर्न संसदीय समितिको निर्देशन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले लागुऔषध नियन्त्रण सम्बन्धमा विद्यमान व्यवस्था एवं प्रयास सम्बन्धमा अध्ययन प्रतिवेदन तयार गरी आगामी साउन १५ गतेभित्रमा पेस गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिको बिहीबारको बैठकले लागुऔषध नियन्त्रण ब्युरोको कार्यगत सक्षमता र क्रियाशीलता अभिवृद्धिका लागि आवश्यक न्यूनतम साधन स्रोतको यकीन गरी स्रोतको सुनिश्चितता गर्न निर्देशन दिएको हो । ब्युरोको संस्थागत क्षमता र दक्षता अभिवृद्धि गर्न मध्यम एवं दीर्घकालीन योजना तयार गरी लागू गर्ने पनि समितिले निर्देशन दिएको छ ।

बैठकले लागुऔषध नियन्त्रण सम्बद्ध ऐन, नियमलगायत कानुनी व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग समन्वय गरी कानुनी सुधारको प्रक्रिया अघि बढाउने निर्णय गरेको समिति सचिव विशाल सापकोटाले जानकारी दिए । लागुऔषध नियन्त्रण सम्बन्धमा भए गरेका सुधार कार्यसहित आव २०८३/८४ को पहिलो त्रैमासमा भएको प्रगति प्रतिवेदन आगामी कात्तिक १५ गतेभित्र पेस गर्न समितिले निर्देशन दिएको छ ।

बैठकले समितिका काम कारबाहीलाई गतिशील बनाउन विभिन्न उपसमिति गठन गरेको छ । सांसद कमल सुवेदीको संयोजकत्वमा ११ सदस्यीय कार्यविधि मस्यौदा तर्जुमा उपसमिति गठन गरेको छ ।

समितिमा दर्ता भएका र हुने विभिन्न उजुरी अध्ययन विश्लेषण गरी समस्या समाधानका सुझाव दिनेगरी सांसद श्रद्धा कुँवर क्षेत्रीको संयोजकत्वमा सात सदस्यीय उजुरी अध्ययन तथा सुझाव सिफारिस उपपसमिति गठन गरेको छ । समितिको कार्यक्षेत्रअन्तर्गतका मन्त्रालय एवं निकायको कामकारबाही अध्ययन एवं सहजीकरण गर्न विभिन्न चार उपसमिति गठन गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र रक्षा मन्त्रालयमा समन्वय गर्न डा. अमरेशकुमार सिंह, गृह मन्त्रालयमा समन्वय गर्न दीपकराज बोहोरा, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कमल सुवेदी, संवैधानिक निकायमा समन्वय गर्न सुरेन्द्र चौधरीको संयोजकत्वमा सात/सात सदस्यीय उपसमिति गठन गरेको छ ।

बैठकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगका उपत्यका बाहिर कार्यालय र कारागार कार्यालयको संयुक्त रूपमा स्थलगत अनुगमन गर्ने निर्णय गरेको छ । अनुगमन टोलीमा पाँच सांसद र दुई जना कर्मचारी रहनेगरी बढीमा सात जनासम्मको अनुगमन टोली गठन गरी गर्ने निर्णय गरेको छ ।

बैठकमा गृहसचिव राजकुमार श्रेष्ठले विपद् व्यवस्थापन तयारी सम्बन्धमा समितिले दिएको निर्देशनको कार्यान्वयन प्रगति तथा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले लागुऔषध नियन्त्रण ब्युरोको आव २०८२/८३ को हालसम्मको कार्य प्रगति एवं आगामी त्रिवर्षीय कार्ययोजनाका सम्बन्धमा समितिलाई जानकारी गराए । समिति सचिव विशाल सापकोटाले अघिल्ला बैठकको निर्णय कार्यान्वयन प्रगतिका सम्बन्धमा जानकारी गराएका थिए ।

## मूल्य सूची

**Akash International** द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नम्बर | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | Chest Freeze | AWAI | AW600 | 600 Lt | 82000 | |
| | | | Chest Freeze | AWAI | AW400 | 400 Lt | 55000 | |
| | | | Chest Freeze | AWAI | AW150 | 150 Lt | 38000 | |
| | | | Visi Cooler | AWAI | SC-600 | 600 Lt | 125000 | |
| | | | Visi Cooler | AWAI | SC-350 | 350 Lt | 82000 | |
| | | | Chest Freeze | AWAI | AW200 | 200 Lt | 40000 | |
| | | | Washing Machine | AWAI | Aw10.0 DDBD | 10 Kg | 72000 | |
| | | | Refrigerator | AWAI | AW100FLR | 100 Lt | 22000 | |

AKASH INTERNATIONAL | Kuleshwor, Kathmandu, Nepal, Ph : 01-4302480

## VACANCY ANNOUNCEMENT

**Phase I Recruitment Notice**

Huapeng Global Mining and Energy Company Pvt. Ltd., a foreign-funded enterprise engaged in mining and energy business in Nepal, invites applications from qualified, experienced and interested Nepali candidates for the following positions:

**Vacant Positions**

| S.N. | Position | No. of Vacancy | Monthly Salary |
|---|---|---|---|
| 1 | General Manager | 1 | Negotiable |
| 2 | Mine Site Manager | 2 | Negotiable |
| 3 | Senior Mineral Exploration Technical Specialist | 2 | Negotiable |
| 4 | Drilling Machine Operator | 2 | Negotiable |
| 5 | Professional Translator | 1 | Negotiable |
| Total Vacancies | | 8 | |

**Minimum Requirements**

- Applicants must have relevant academic qualifications, technical knowledge, skills and working experience related to the applied position.
- Preference will be given to candidates having experience in mining, mineral exploration, drilling operations, project/site management and Chinese-English-Nepali translation, as applicable.
- Candidates must be able to work at the company office and mining project sites in Nepal as required.

**Facilities and Benefits**

- Free accommodation and meals will be provided by the company.
- Labor protection supplies, legal holidays and basic welfare benefits will be provided as per prevailing labor laws of Nepal.

**Required Application Documents**

1. Application letter
2. Updated personal resume/CV
3. Copy of citizenship certificate
4. Academic certificates
5. Professional/technical qualification certificates, if any
6. Work experience certificates
7. Recent passport-size photograph

**Application Information**

| | |
|---|---|
| Application Deadline | Within 15 days from the date of publication of this notice |
| Work Location | Company office and mining project sites in Nepal |
| Employment Type | Full-time |
| Submission Address | Huapeng Global Mining and Energy Company Pvt. Ltd., Kathmandu Metropolitan City-10, Kathmandu, Nepal |

**Email:** huaxinmining2025@gmail.com **Contact No.:** +9779706888666

The recruitment process will be conducted fairly and openly. No fees will be charged at any stage of the recruitment process. If sufficient qualified local candidates are not available, the company may proceed with the legal process to recruit foreign management and technical personnel as per applicable laws of Nepal.

**HUAPENG GLOBAL MINING AND ENERGY COMPANY PVT. LTD.**
**Kathmandu Metropolitan City-10, Kathmandu, Nepal**

## मलेसिया/साउदीमा रोजगार

कम्पनी : WALTA ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343288 | चलानी नं. ६०२५६५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 13 | 0 | 1700 | ६३,७३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : INNOVATIVE ACCESS TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343286 | चलानी नं. ६०२५६६००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 1 | 0 | 1400 | ६०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ५ गते (19th June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1587/079/80

**SAAD OVERSEAS PVT.LTD.**

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना २९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय नारायणगढबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यक्तिगत आवधिक तथा मोर्टगेज आवधिक कर्जा**

**ऋणीको विवरण**

देवीदत्त तिवारीको नाति प्रजापति तिवारीको छोरा चितवन जिल्ला नारायणपुर वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **शिव प्रसाद तिवारी** (ना.प्र.नं. : १४५४ जारी मिति र जिल्ला : २०४३/०२/२०, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) प्रजापति तिवारीको नाति शिव प्रसाद तिवारीको छोरा चितवन जिल्ला भरतपुर न.पा. वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **सविन तिवारी** (ना.प्र.नं. : ३५-०१-७१-०६६४९ जारी मिति र जिल्ला : २०७१/०७/०४, चितवन)

२) परशुराम गैरेको छोरी प्रजापति तिवारीको बुहारी शिव प्रसाद तिवारीको पत्नी चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **हिम कला गैरे (तिवारी)** (ना.प्र.नं. : ३५-०१-७२-०५९९५ जारी मिति र जिल्ला : २०७२/०६/०५, चितवन)

३) प्रजापति तिवारीको नाति शिव प्रसाद तिवारीको छोरा चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **नविन तिवारी** (ना.प्र.नं. : ३५-०१-७२-००६४७ जारी मिति र जिल्ला : २०७२/०१/२५, चितवन)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८० साल असोज महिना ३ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८१ साल भदौ महिना २८ गतेको कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने
३) मिति २०८२ साल मंसिर महिना १५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
४) मिति २०८२ साल फागुन महिना २८ गतेको न्युज २४ राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
५) मिति २०८३ साल बैशाख महिना २३ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने

**ख) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

देवीदत्त तिवारीको नाति प्रजापति तिवारीको छोरा चितवन जिल्ला नारायणपुर वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **शिव प्रसाद तिवारी** (ना.प्र.नं. : १४५४ जारी मिति र जिल्ला : २०४३/०२/२०, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

परशुराम गैरेको छोरी प्रजापति तिवारीको बुहारी शिव प्रसाद तिवारीको पत्नी चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **हिम कला गैरे (तिवारी)** (ना.प्र.नं. : ३५-०१-७२-०५९९५ जारी मिति र जिल्ला : २०७२/०६/०५, चितवन)

**ग) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

प्रजापति तिवारीको नाति शिव प्रसाद तिवारीको छोरा चितवन जिल्ला भरतपुर उ.म.न.पा. वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **नविन तिवारी** (ना.प्र.नं. : ३५-०१-७२-००६४७ जारी मिति र जिल्ला : २०७२/०१/२५, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

प्रजापति तिवारीको नाति शिव प्रसाद तिवारीको छोरा चितवन जिल्ला भरतपुर न.पा. वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **सविन तिवारी** (ना.प्र.नं. : ३५-०१-७१-०६६४९ जारी मिति र जिल्ला : २०७१/०७/०४, चितवन)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ साल मंसिर महिना १५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८२ साल फागुन महिना २८ गतेको न्युज २४ राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
३) मिति २०८३ साल बैशाख महिना २३ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| शिव प्रसाद तिवारी | नवलपरासी (ब.सु.पू.) जिल्ला गैडाकोट वडा नं. ९ | ९क | २४५३ | १४७.०६ |
| हिमकला गैरे तिवारी | नवलपरासी (ब.सु.पू.) जिल्ला वेल्डिहा वडा नं. ७ | ७क | १३९२ | २२०.१२ |
| | | | १३९१ | ६७७.२८ |
| | | | २५८ | ६७७.१७ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल असार महिना ४ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय नारायणगढ आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना ५ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय नारायणगढमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वैदेशिक रोजगार क्षेत्रको साख फर्काउने चुनौती

**सरकारले वैदेशिक रोजगार व्यवसायीहरूमाथि कडाइ गरिरहेको बेला व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा कार्यसमिति फेरिएको छ । संघको विशेष साधारणसभाबाट डिकबहादुर खत्रीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको छ । आन्तरिक विवादका कारण निवर्तमान कार्यसमिति विघटन भई संकटपूर्ण बनेको संघले नयाँ नेतृत्व पाएसँगै व्यवसायीहरूमाझ उत्साह थपिएको छ ।**

**तर, यो उत्साहसँगै नवनिर्वाचित कार्यसमितिको काँधमा अवसरभन्दा बढी चुनौतीका चाङहरू छन् । वैदेशिक रोजगार क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्ड अर्थात् कूल गार्हस्थ उत्पादन (जिडिपी) को झण्डै ३० प्रतिशत हिस्सा धान्ने स्रोत भए पनि यस क्षेत्रको छवि भने सधैं धुमिल र विवादित रहँदै आएको छ । यस परिस्थितिमा नयाँ कार्यसमितिको मुख्य परीक्षा नै यस क्षेत्रको साख फर्काउनु र व्यवसायीहरूलाई जिम्मेवार बनाउनु हुने छ ।**

**विगत लामो समयदेखि वैदेशिक रोजगार क्षेत्र ठगी, बिचौलियाको बिगबिगी, अवैध असुली र अपारदर्शिताका कारण बदनाम छ । वैदेशिक रोजगारमा जाने गरिब र विपन्न श्रमिकहरू पाइला–पाइलामा ठगिने र त्यसको दोष समग्र व्यवसायीहरूको थाप्लोमा आउने गरेको तितो यथार्थ हाम्रासामु छ । यस क्षेत्रको छवि सुधारका लागि संघले केवल सरकारसँग नीतिगत सुधारको माग राखेरमात्रै पुग्दैनह आफ्ना सदस्य संस्थाहरूलाई मर्यादित, व्यावसायिक र उत्तरदायी बनाउन स्वनियमनको पद्धति विकास गर्नु अपरिहार्य छ । नवनिर्वाचित अध्यक्ष खत्रीले घोषणा गरेझैं व्यवसायीहरूका लागि तत्काल कडा र व्यावहारिक 'आचारसंहिता' लागू गरिनुपर्छ । आचारसंहिता उल्लंघन गर्ने, श्रमिकसँग तोकिएकोभन्दा बढी रकम असुल्ने वा गैरकानुनी काममा संलग्न हुने म्यानपावर कम्पनीहरूलाई संघ आफैंले कारबाहीको दायरामा ल्याउन वा सिफारिस गर्न सक्ने हिम्मत देखाउनुपर्छ ।**

**पछिल्लो समय सरकार वैदेशिक रोजगार व्यवसायीहरूमाथि कडा रूपमा प्रस्तुत भइरहेको र कतिपय नीतिहरू अव्यावहारिक रहेको गुनासो व्यवसायीहरूको छ । नयाँ नेतृत्वले सरकारसँग दूरी बढाउने होइन, बरु परिपक्व र तार्किक संवादका माध्यमबाट २०४८ सालदेखिका त्रुटियुक्त, बाझिएका र अव्यावहारिक ऐन कानुनहरूको परिमार्जनमा जोड दिनुपर्छ । मन्त्रालय र वैदेशिक रोजगार विभागसँगको सम्बन्धलाई प्रगाढ बनाउँदै नीतिगत सुधारका लागि दबाब दिने काम संघको प्राथमिकतामा पर्नुपर्छ । तर, नीतिगत सुधारको माग गरिरहँदा व्यवसायीहरू आफैं कति स्वच्छ छन् भन्ने प्रश्नको जवाफ पनि व्यवहारबाटै दिनु आवश्यक छ ।**

**यसैगरी, संघले अघि सारेको डिजिटल प्रविधिको विकास र स्थानीय तहसँगको समन्वयको योजना सकारात्मक छ । वैदेशिक रोजगारलाई सूचना प्रविधिसँग जोडेर पारदर्शी बनाउन सके बिचौलियाहरूको सञ्जाल स्वतः कमजोर हुने छ । यसका साथै, विदेशस्थित नेपाली दूतावासहरूमा हुने मागपत्र (डिमाण्ड लेटर) प्रमाणीकरणको ढिलाइ र झण्झटलाई अन्त्य गर्न संघले परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयसँग बलियो समन्वयकारी भूमिका खेल्नुपर्छ ।**

**नयाँ कार्यसमितिलाई स्पष्ट बहुमत प्राप्त भएकाले निर्णय लिन र सुधारका काम गर्न राजनीतिक वा सांगठनिक अड्चन हुने देखिँदैन । यो अनुकूलतालाई व्यक्तिगत वा गुटगत स्वार्थभन्दा माथि उठेर समग्र वैदेशिक रोजगार क्षेत्रको रूपान्तरणमा उपयोग गरिनुपर्छ । जबसम्म व्यवसायीहरू जिम्मेवार, उत्तरदायी र संवेदनशील बन्दैनन्, तबसम्म यो क्षेत्र सम्मानित बन्न सक्दैन । नवनिर्वाचित कार्यसमितिले व्यवसायीहरूको हकहितको रक्षा गर्दै श्रमिकको न्याय र सुरक्षालाई समेत सर्वोपरि ठानेर काम गरोस् । नयाँ नेतृत्वलाई यस ऐतिहासिक र चुनौतीपूर्ण कार्यकालको हार्दिक शुभकामना ।**

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।


राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने ।

# पूर्वविशिष्टको सुविधा खारेज गरौं



वैकुण्ठ भण्डारी

> आज देशले विकासका लागि स्रोत खोजिरहेको छ । युवा रोजगारीका लागि विदेश भौतारिरहेका छन् । सरकारी खर्च नियन्त्रण गर्नुपर्ने आवश्यकता झन् बढेको छ । यस्तो अवस्थामा राज्यकोषमाथि अनावश्यक भार थप्ने सुविधा संस्कृतिको अन्त्य गर्नु समयको माग बनेको छ । यदि वालेन्द्र नेतृत्वको सरकारले साहसिक सुधारको सुरुआत गर्न चाहन्छ भने पूर्वविशिष्ट व्यक्तिहरूका आजीवन सुविधा खारेज गर्ने निर्णय एउटा महत्वपूर्ण कदम हुन सक्छ । यसले राज्यको खर्च घटाउनेमात्र होइन, जनतामा सरकारप्रतिको विश्वास पनि बढाउने छ ।




मुलुकमा गणतन्त्र स्थापना भएको झण्डै दुई दशक पुग्न लागेको छ । जनताले राजतन्त्र हटाएर गणतन्त्र ल्याउनुको मुख्य उद्देश्य राज्यलाई जनमुखी बनाउने, सार्वजनिक स्रोतसाधनको न्यायपूर्ण वितरण गर्ने र शासक तथा नागरिकबीचको दूरी घटाउने थियो । तर गणतन्त्र आएपछि पनि राज्य सञ्चालनको शैलीमा अपेक्षित परिवर्तन आउन सकेको छैन । नाम फेरिए पनि व्यवहारमा पुरानै प्रवृत्ति कायम छ । अझ कतिपय अवस्थामा नयाँ राजनीतिक वर्गले पुरानो राजदरबारको स्थान लिएर राज्यको स्रोतसाधनमा विशेष अधिकार जमाएको देखिन्छ ।

यसको एउटा प्रमुख उदाहरण हो, पूर्वविशिष्ट व्यक्तिहरूलाई दिइने आजीवन सेवा सुविधा । नेपालमा पूर्वप्रधानमन्त्री, पूर्वराष्ट्रपति, पूर्वसभामुख, पूर्वप्रधानन्यायाधीश, पूर्वगृहमन्त्री, पूर्वप्रहरी महानिरीक्षक, पूर्वप्रधानसेनापति लगायतका व्यक्तिहरूले पदबाट हटिसकेपछि पनि विभिन्न प्रकारका सरकारी सुविधा पाइरहेका छन् । उनीहरूका लागि सरकारी गाडी, चालक, सुरक्षाकर्मी, सचिवालय, निवास मर्मत, इन्धन तथा अन्य सेवा सुविधामा राज्यको ठूलो रकम खर्च भइरहेको छ ।

१० वर्षे माओवादी विद्रोह अनि गत भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहपछि देश आर्थिक संकटसँग जुधिरहेको छ । लाखौं युवाहरू रोजगारीको खोजीमा विदेसिन बाध्य छन् । किसानले मल पाउन संघर्ष गरिरहेका छन् । अस्पतालमा बिरामीले सहज उपचार पाउन सकिरहेका छैनन् । शिक्षामा व्यापारीकरण बढिरहेको छ । तर राज्यको ढुकुटीबाट पूर्वविशिष्ट व्यक्तिहरूको सेवा सुविधामा करोडौं रूपैयाँ खर्च भइरहनु कति उचित हो भन्ने प्रश्न दिनप्रतिदिन चर्चा र बहसको विषय बन्दै गएको छ ।

लोकतन्त्रको मूल सिद्धान्त नै समानता हो । सार्वजनिक पदमा पुगेका व्यक्तिहरूलाई पदमा रहँदासम्म आवश्यक सुविधा दिनु स्वाभाविक हो । उनीहरूले राज्य सञ्चालनको जिम्मेवारी निर्वाह गरिरहेका हुन्छन् । सुरक्षा, यातायात, कार्यालय र कर्मचारीको आवश्यकता पनि हुन्छ । तर पदबाट हटिसकेपछि उनीहरू पुनः सामान्य नागरिकको हैसियतमा फर्किनुपर्छ । तर नेपालमा त्यस्तो देखिएको छैन । एक पटक पदमा पुगे पनि सधैं नै शक्तिमा रहिरहेको जस्तो देखिन्छ ।

अमेरिका, क्यानडा, अस्ट्रेलिया, न्युजिल्याण्ड, स्वीडेन, नर्वे, डेनमार्कजस्ता विकसित लोकतान्त्रिक मुलुकहरूमा अधिकांश पूर्वपदाधिकारीहरू आफ्नो व्यक्तिगत जीवनमा फर्किन्छन् । उनीहरूले आफूले कमाएको सम्पत्ति, पेन्सन वा व्यक्तिगत आम्दानीबाट जीवनयापन गर्छन् । राज्यको स्रोतसाधनमा अनन्तकालसम्म निर्भर रहँदैनन् । हामीले तिनै कुराहरूलाई सामाजिक सञ्जालमा प्रचार पनि गरिरहेका छौं तर आफ्नो देशमा पनि त्यसरी नै पद सकिएसँगै सुविधा पनि समाप्त गरौं भन्ने विषय कहिल्यै पनि उठाउँदैनौं ।

नेपालमा भने पद छोडेपछि पनि विशेष वर्गको हैसियत कायम रहन्छ । पूर्वप्रधानमन्त्री जीवनभर पूर्वप्रधानमन्त्री नै रहन्छन् । पूर्वराष्ट्रपति जीवनभर विशेष सुविधा प्राप्त नागरिकको सूचीमा रहन्छन् । कतिपय अवस्थामा उनीहरूको सुरक्षा र सेवा सुविधामा वर्तमान पदाधिकारीबराबरको खर्च भइरहेको हुन्छ ।

प्रश्न उठ्छ, यदि एउटा शिक्षक अवकाशपछि आफ्नो पेन्सनमा बाँच्नुपर्छ भने प्रधानमन्त्री किन राज्यको अतिरिक्त सुविधामा बाँच्नुपर्ने ? यदि किसानले आफ्नो जीवनभरको कमाइबाट वृद्धावस्था धान्नुपर्छ भने पूर्वमन्त्रीले किन जनताको करबाट सेवा सुविधा पाउनुपर्ने ?

राजतन्त्र हटाउनुको अर्थ एउटा विशेषाधिकार प्राप्त वर्गको अन्त्य गर्नु थियो । तर व्यवहारमा हेर्दा नेपालमा नयाँ अभिजात वर्ग जन्मिएको छ । फरक यतिमात्र हो कि उनीहरूको उपाधि राजा वा राणा होइन, पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री वा पूर्वविशिष्ट व्यक्ति बनेको छ ।

गणतन्त्रमा कुनै पनि व्यक्ति राज्यभन्दा माथि हुँदैन । तर आज नेपालमा धेरै व्यक्तिले पद सकिएपछि पनि राज्यको निरन्तर सेवा सुविधा पाइरहेका छन् । यसले लोकतन्त्रको मर्ममाथि प्रश्न उठाउँछ ।

सर्वसाधारण नागरिकले कर तिर्छन् । जग्गा किनबेच गर्दा, घर बनाउँदा कर तिर्छन् । व्यवसाय गर्छन् घाटा होस् कि नाफा, कर तिर्नुपर्ने बाध्यता छ । तर त्यही करबाट केही व्यक्तिको विशेष जीवनशैली कायम राख्नु सामाजिक न्यायको सिद्धान्तसँग मेल पक्कै खाँदैन ।

पूर्वविशिष्ट व्यक्तिहरूका लागि खटाइने सुरक्षाकर्मी, गाडी, चालक, कार्यालय सहयोगी, इन्धन र अन्य सुविधा हेर्दा वार्षिक करोडौं रूपैयाँ खर्च हुने अनुमान गर्न सकिन्छ । यो रकम विद्यालय, स्वास्थ्य चौकी, कृषि अनुदान वा युवा रोजगार कार्यक्रममा प्रयोग गर्न सकिन्छ ।

एकजना पूर्वविशिष्ट व्यक्तिको सुरक्षामा १० देखि २० जना सुरक्षाकर्मी खटिएको अवस्था पनि देखिन्छ । ती सुरक्षाकर्मीहरू सार्वजनिक सुरक्षामा खटिन सक्थे । प्रहरी र सेनाको जनशक्ति सीमित छ । तर ठूलो हिस्सा पूर्वपदाधिकारीको सुरक्षा व्यवस्थापनमा खर्च भइरहेको छ । जनताको सुरक्षाभन्दा पूर्वशासकहरूको सुरक्षामा राज्य बढी केन्द्रित हुनु लोकतान्त्रिक मूल्यसँग मेल खाने विषय हुँदै होइन ।

## जेन-जी विद्रोहको भावना

पछिल्लो समय विश्वभर युवापुस्तामा राजनीतिक विशेषाधिकारविरुद्ध असन्तुष्टि बढ्दै गएको छ । नेपालमा पनि नयाँ पुस्ताले पुराना राजनीतिक संरचना र विशेष सुविधा संस्कृतिमाथि प्रश्न उठाइरहेको छ ।

जेन-जी पुस्ताले खोजेको राज्य भनेको अवसरको समानता भएको राज्य हो । जहाँ पद सकिएपछि सबै नागरिकबराबर हुन्छन् । जहाँ नेताको सन्तान र मजदुरको सन्तानले समान अवसर पाउँछन् । जहाँ राजनीति सम्पत्ति आर्जन र सुविधा भोगको माध्यम होइन, सार्वजनिक सेवाको माध्यम हुन्छ । त्यसैले पूर्वविशिष्ट व्यक्तिका आजीवन सुविधा खारेज गर्ने विषय केवल खर्च कटौतीको मुद्दामात्र होइन । यो समानता, उत्तरदायित्व र लोकतान्त्रिक संस्कृतिसँग जोडिएको विषय हो । आज नेपाली समाजले उठाइरहेको प्रश्न सरल छ, जब जनताले आफ्नो जीवन आफ्नै कमाइमा चलाउनुपर्छ भने पूर्वशासकहरूले किन जनताको करमा जीवनभर सेवा सुविधा पाउनुपर्छ ?

## सुविधा संस्कृतिले राजनीतिलाई व्यवसाय बनायो

नेपालमा राजनीति गर्ने उद्देश्य जनसेवा हो भन्ने कुरा नेताहरूले भाषणमा बारम्बार दोहोऱ्याउने गर्छन् । तर व्यवहार हेर्दा राजनीति धेरैका लागि सेवाभन्दा पनि सुविधा प्राप्त गर्ने माध्यम बन्दै गएको देखिन्छ । एकपटक मन्त्री, सांसद, प्रधानमन्त्री वा अन्य विशिष्ट पदमा पुगेपछि व्यक्तिले प्राप्त गर्ने प्रत्यक्ष र अप्रत्यक्ष सुविधाको सूची निकै लामो हुन्छ । पदमा रहँदा त सुविधा पाउनु स्वाभाविक मानिएला, तर पदबाट हटिसकेपछि पनि राज्यले विशेष व्यवहार गरिरहनु भने लोकतान्त्रिक संस्कृतिको विपरीत हो ।

नेपालमा राजनीतिक दलहरूबीच विचार र सिद्धान्तको भन्दा पनि सत्ताको प्रतिस्पर्धा किन बढी हुन्छ भन्ने प्रश्नको उत्तर खोज्दा सुविधा संस्कृतिको प्रभाव स्पष्ट देखिन्छ । पदमा पुगेपछि प्राप्त हुने सुविधा, शक्ति र प्रभावका कारण राजनीति आकर्षक पेसाजस्तो बनेको छ । यदि पद सकिएपछि सबै सुविधा समाप्त हुने व्यवस्था हुने हो भने राजनीतिमा आउने व्यक्तिहरूको प्राथमिकता पनि बदलिन सक्छ । त्यसपछि राजनीतिमा सुविधा खोज्नेभन्दा सेवा गर्ने मानिसको आकर्षण बढ्न सक्छ ।

राजनीतिलाई व्यवसाय होइन, सेवाको क्षेत्र बनाउने हो भने पदपछि प्राप्त हुने विशेषाधिकारहरूको अन्त्य आवश्यक छ । नागरिकले नेता चुन्ने भनेको जीवनभर सुविधा खुवाउनका लागि होइन, निश्चित अवधिका लागि जिम्मेवारी दिनका लागि हो भन्ने कुरा अनुभूति गराउनु आवश्यक भइसकेको छ ।

## वालेन्द्र नेतृत्वको सरकारले यसो गर्न सक्ला ?

यदि कुनै नयाँ राजनीतिक शक्ति वा सुधारवादी सरकारले साँच्चिकै खर्च कटौती र सुशासनको अभियान अघि बढाउने हो भने पहिलो कदम पूर्वविशिष्ट व्यक्तिहरूका आजीवन सुविधा खारेज गरिनुपर्दछ । अहिले काठमाडौं महानगरको मेयर रहँदा गरेको कानुन कार्यान्वयन र विकास निर्माणको गतिका कारण वालेन्द्रलाई नागरिकले प्रधानमन्त्रीका रूपमा आसीन गराएका छन् । राजनीति सुरुआत गरेको चार वर्ष पनि नपुग्दै प्रधानमन्त्रीको पदमा पुग्नु पनि चानचुने कुरा भने होइन । त्यो सबै जनताको सद्भावले नै हो । त्यसो हो भने नागरिकहरूले व्यक्त गर्न नसकेको तर मनमा खट्किरहेको यी कुरा वालेन्द्र सरकारले गर्न सक्ला कि नसक्ला त ?

- पदमा रहुञ्जेलमात्र सरकारी गाडी र चालक ।
- पद सकिएपछि व्यक्तिगत सुरक्षाको वास्तविक जोखिम मूल्यांकन गरेरमात्र सुरक्षा व्यवस्था ।
- आजीवन सचिवालयलगायत कुनै पनि सुविधा खारेज ।
- सरकारी निवास वा निवासका लागि दिइने रकमको अन्त्य ।
- इन्धन, कर्मचारी र अन्य सेवा सुविधा पूर्णरूपमा बन्द ।
- सबै नागरिकलाई समान कानुनी हैसियत ।

यसबाट राज्यको ठूलो रकम बचतमात्र हुँदैन, जनतामा पनि सकारात्मक सन्देश जान्छ कि सार्वजनिक पद सेवा हो, विशेषाधिकार होइन । सरकारसँग भएको प्रत्येक रूपैयाँ अन्ततः जनताबाट उठाइएको कर हो । पसलमा सामान किन्दा तिरेको भ्याट, पेट्रोलमा तिरेको कर, बैंकिङ कारोबारमा तिरेको शुल्क, व्यवसायीले तिरेको आयकर, मजदुरले तिरेको अप्रत्यक्ष कर- यी सबै रकम मिलेर राज्यकोष बन्छ । त्यसैले राज्यकोषमा भएको पैसा कुनै नेता वा पदाधिकारीको निजी सम्पत्ति होइन । त्यो जनताको साझा सम्पत्ति हो ।

जब देशका लाखौं नागरिक आधारभूत सेवाबाट वञ्चित छन्, त्यतिबेला पूर्वविशिष्ट व्यक्तिहरूको गाडी, चालक, सुरक्षा र कर्मचारीमा ठूलो रकम खर्च गर्नु नैतिकरूपमा पनि उचित देखिँदैन । करदाताले आफ्नो पसिनाको कमाइ राज्यलाई विकास र सेवाका लागि दिएका हुन्, केही व्यक्तिको विशेष जीवनशैली धान्नका लागि होइन । राज्यले खर्च गरेको प्रत्येक रूपैयाँको औचित्य प्रमाणित गर्नुपर्छ । यदि कुनै खर्चले प्रत्यक्ष सार्वजनिक हित गर्दैन भने त्यसलाई पुनर्विचार गर्नुपर्छ । पूर्वपदाधिकारीका अनावश्यक सुविधा यस्तै खर्चभित्र पर्छन् ।

कतिपयले पूर्वप्रधानमन्त्री, पूर्वराष्ट्रपति वा पूर्वप्रधानसेनापतिलाई सुरक्षा आवश्यक हुन्छ भन्ने तर्क गर्छन् । यो तर्क पूर्णरूपमा अस्वीकार गर्न सकिँदैन । केही व्यक्तिहरूलाई पदमा रहँदा गरेका निर्णय वा सुरक्षा जोखिमका कारण निश्चित समयसम्म सुरक्षा आवश्यक पर्न सक्छ । तर सुरक्षा आवश्यकताको मूल्यांकन वस्तुगत हुनुपर्छ, पदको आधारमा होइन । जोखिम भए सुरक्षा दिइयोस्, जोखिम नभए सुरक्षा हटाइयोस् । संसारका धेरै देशमा यही अभ्यास छ ।

नेपालमा भने कहिलेकाहीँ दशकौंअघि पद छोडेका व्यक्तिहरूलेसमेत ठूलो सुरक्षा घेरा पाइरहेका हुन्छन् । सुरक्षा व्यवस्थापन वास्तविक जोखिमका आधारमा भन्दा प्रतिष्ठाको विषय बनेको देखिन्छ । यसले सुरक्षा निकायको स्रोतसाधनको दुरूपयोग गरिरहेको छ । यदि सुरक्षा दिनैपर्ने अवस्था छ भने स्वतन्त्र सुरक्षा मूल्यांकन समितिले समय-समयमा समीक्षा गरेर निर्णय गर्नुपर्छ । सुरक्षा अनन्तकालसम्म चल्ने व्यवस्था हुनु हुँदैन ।

## असन्तुष्ट युवा पुस्ता

युवाहरूले देखिरहेका छन् कि देशमा रोजगारीको अभाव छ । शिक्षित युवाहरू विदेश जान बाध्य छन् । व्यवसाय गर्न कठिन छ । कृषि क्षेत्र संकटमा छ । स्वास्थ्य सेवा महँगो छ । तर अर्कोतर्फ केही सीमित व्यक्तिहरूले राज्यबाट निरन्तर सुविधा पाइरहेका छन् । यही कारणले राजनीतिक व्यवस्थाप्रति असन्तुष्टि बढिरहेको छ । युवाहरू व्यवस्थाविरोधी होइनन्, तर व्यवस्थाभित्र रहेको असमानताविरोधी छन् । उनीहरू राज्यले सबै नागरिकलाई समान व्यवहार गरोस् भन्ने चाहन्छन् ।

यदि राज्यले समयमै यस्ता असमान सुविधा हटाउन सकेन भने नागरिक र राजनीतिक नेतृत्वबीचको विश्वासको दूरी झन् बढ्न सक्छ । यो विषय केवल कानुनी व्यवस्था परिवर्तनकोमात्र होइन, नैतिकताको पनि विषय हो । पूर्वविशिष्ट व्यक्तिहरू स्वयंले पनि उदाहरण प्रस्तुत गर्न सक्छन् ।

कुनै पूर्वप्रधानमन्त्रीले स्वेच्छाले सरकारी गाडी फिर्ता गरे, कुनै पूर्वमन्त्रीले अतिरिक्त सुरक्षा अस्वीकार गरे, कुनै पूर्वराष्ट्रपतिले सरकारी खर्च घटाउन आग्रह गरे भने त्यसले सकारात्मक सन्देश दिन्छ । वास्तविक नेतृत्व पदमा रहँदामात्र होइन, पद छोडेपछि पनि देखिन्छ । जनताको सम्मान पदले होइन, व्यवहारले प्राप्त हुन्छ ।

विश्वका धेरै प्रतिष्ठित नेताहरू पदबाट हटेपछि सामान्य नागरिकसरह जीवन बिताएका उदाहरण छन् । उनीहरू आफ्नो ज्ञान, अनुभव र योगदानका कारण सम्मानित छन्, राज्यको सुविधा प्राप्त गरेका कारण होइनन् । नेपालमा पनि त्यस्तो संस्कृतिको विकास आवश्यक छ ।

नेपालमा गणतन्त्र स्थापना भयो, संविधान बन्यो, संघीयता लागू भयो । तर गणतन्त्रको सफलता केवल संविधानको पुस्तकमा लेखिएका शब्दले मापन हुँदैन । त्यसको मापन राज्यले नागरिकलाई कति समान व्यवहार गर्छ भन्ने आधारमा हुन्छ ।

यदि गणतन्त्रमा पनि विशेषाधिकार प्राप्त वर्ग कायम रहन्छ भने जनताले परिवर्तनको अनुभूति गर्न सक्दैनन् । राजतन्त्रको अन्त्य गरेर नयाँ प्रकारको विशेषाधिकार जन्माउनु परिवर्तनको उद्देश्य थिएन । त्यही विशेषाधिकार जन्मियो भन्ने आशंका धेरैमा पैदा भयो अनि २०८२ साल भदौ २३ र २४ गते युवा पुस्ताको नेतृत्वमा जेन-जी विद्रोह भयो । जेन-जी विद्रोहको वास्तविक परीक्षा त्यतिबेला हुन्छ जब पूर्वराष्ट्रपति र सामान्य नागरिक कानुनको अगाडि समान हुन्छन्, जब पूर्वप्रधानमन्त्री र सर्वसाधारणले एउटै मापदण्डअनुसार राज्यका सेवा प्रयोग गर्छन्, र जब सार्वजनिक पदलाई सेवा मानिन्छ, विशेषाधिकार होइन ।

नेपालले आर्थिक अनुशासन, सुशासन र जनउत्तरदायी शासन प्रणालीतर्फ अगाडि बढ्न चाहन्छ भने पूर्वविशिष्ट व्यक्तिहरूलाई दिइने आजीवन सुविधा पुनरावलोकन गर्नैपर्छ । पदमा रहुञ्जेल आवश्यक सुविधा उपलब्ध गराउनु राज्यको दायित्व हो, तर पद सकिएपछि नागरिकसरह जीवन बिताउनु लोकतन्त्रको आधारभूत सिद्धान्त हो ।

आज देशले विकासका लागि स्रोत खोजिरहेको छ । युवा रोजगारीका लागि विदेश भौतारिरहेका छन् । सरकारी खर्च नियन्त्रण गर्नुपर्ने आवश्यकता झन् बढेको छ । यस्तो अवस्थामा राज्यकोषमाथि अनावश्यक भार थप्ने सुविधा संस्कृतिको अन्त्य गर्नु समयको माग बनेको छ । यदि वालेन्द्र नेतृत्वको सरकारले साहसिक सुधारको सुरुआत गर्न चाहन्छ भने पूर्वविशिष्ट व्यक्तिहरूका आजीवन सुविधा खारेज गर्ने निर्णय एउटा महत्त्वपूर्ण कदम हुन सक्छ । यसले राज्यको खर्च घटाउनेमात्र होइन, जनतामा सरकारप्रतिको विश्वास पनि बढाउने छ ।



**जलमग्न सडक** | महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका वडा नं २, महेन्द्रचोकस्थित सडकमा परेको पानी जमेर जलमग्न भएको अवस्था । पानी जाने निकासा नभएको कारण सडकमा पानी जमेको हो । *तस्बिरः रासस*

# आत्मनिर्भर बन्दै रौतहटका महिला

■ रमेश तिमलसिना

**चन्द्रपुर (रौतहट)**– चन्द्रपुर नगरपालिका-७ वनबहुअरीकी दुखनी थरुनीलाई हिजोआज तरकारी टिप्न र बेच्न भ्याइनभ्याइ छ । करिब पाँच कट्ठा आफ्नै जमिनमा व्यावसायिकरूपमा लगाइएको तरकारी बालीले थरुनीलाई व्यस्त बनाएको छ भने आर्थिकरूपमा पनि सबल बनाएको देखिन्छ ।

लौका, करेला, घिरौलालगायतका तरकारी अहिले उनको बारीमा लटरम्म छन् । दैनिक एक हजार ५०० रूपैयाँदेखि दुई हजार रूपैयाँसम्मको तरकारी बिक्री गर्ने गरेको तरकारी कृषक थरुनी बताउँछिन् । उनले आफ्ना ग्राहकलाई बारीबाटै तथा बाँकी रहेको तरकारी स्थानीय हाटबजारमा लगेर बिक्री गर्छिन् । दैनिक आम्दानी हुन थालेपछि थरुनीको आर्थिक अवस्थामा उल्लेखनीय सुधार आएको छ । आर्थिक सम्पन्नतासँगै महिला हिंसा तथा आफ्ना हकअधिकारबारेसमेत सचेत र सक्षम भएको उनको भनाइ छ ।

वडा नं. ७ कै दिलकुमारी काफ्लेले पनि व्यावसायिकरूपमा बाखापालन गरेर मनग्य आम्दानी गर्न थालेकी छन् । बाखापालनबाट आफू आर्थिकरूपमा सबल बनेको उनी बताउँछिन् । सोही गाउँकी सुनिता माझीले पनि किराना पसल सञ्चालन गरेर आफूलाई व्यस्तमात्र राखेकी छैनन्, त्यसबाट हुने आम्दानीले पारिवारिक खर्च सहजरूपमा धानेकी छन् ।

यस्तै, राजपुर नगरपालिका-९ बैरियाकी मिनादेवीले पनि व्यावसायिक तरकारी खेतीबाट मनग्य आम्दानी गरिरहेकी छन् । तरकारी खेतीबाट भएको आम्दानीले छोराछोरी पढाउनेदेखि घरखर्च चलाउन सहज भएको उनी बताउँछिन् । सोही ठाउँकी गुलसन खातुनले घरमै टेलरिङ व्यवसाय सञ्चालन गरेर स्वरोजगार बनेका छन् ।



घरखर्च चलाउन र व्यक्तिगत खर्चका लागि कसैसँग पैसा माग्नुपर्ने अवस्था नरहेको उनको भनाइ छ ।

त्यस्तै, राजपुर-५ स्कुलटोलकी जरिमा खातुनले टेलरिङ व्यवसाय सञ्चालन गरेर तीन छोरा र तीन छोरीलाई पढाउन सफल भएको बताइन् । आर्थिकरूपमा सबल हुनुका साथै समाजमा हुने लैंगिक हिंसा न्यूनीकरण अभियानमा पनि उनी सक्रिय छिन् ।

यी केही उदाहरणबाहेक पनि यहाँका अधिकांश महिला कुनै न कुनै व्यवसायमार्फत आफू र परिवारको आर्थिक स्तर सुधार्न सक्षम बनेका छन् । यस्ता महिलाहरू जिल्लामा एक हजारभन्दा बढी रहेका छन् । ग्रामीण विकास केन्द्र नेपालद्वारा सञ्चालित लैंगिक हिंसा न्यूनीकरण परियोजनाअन्तर्गत आबद्ध करिब एक हजार महिला अहिले स्वरोजगारका साथै आर्थिकरूपमा सबल बन्दै गएका छन् ।

केन्द्रले इस्लामिक रिलिफ क्यानाडाको आर्थिक सहयोग तथा इस्लामिक रिलिफ नेपालको व्यवस्थापकीय सहयोगमा केही वर्षदेखि लैंगिक हिंसालाई सम्बोधन गर्न महिला, पुरुष तथा बालबालिकाको सामाजिक-आर्थिक सशक्तीकरण परियोजना सञ्चालन गर्दै आएको छ ।

राजपुर र चन्द्रपुर नगरपालिकाका १२ वटा वडामा विद्यमान लैंगिक हिंसालाई सम्बोधन गर्दै लक्षित समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको तथा स्वास्थ्य सुधार सुनिश्चित गरी लैंगिक हिंसा न्यूनीकरण गर्ने लक्ष्य रहेको परियोजनाका प्रमुख धर्मेन्द्र साहले बताए । उनका अनुसार राजपुर नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ९ तथा चन्द्रपुर नगरपालिकाका वडा नं. १, २, ५, ७ र ८ मा आर्थिक सशक्तीकरणमार्फत लैंगिक हिंसाबाट प्रभावित वा उच्च जोखिममा रहेका महिलालाई समाजमा पुनःस्थापना गर्ने तथा लैंगिक हिंसासम्बन्धी जोखिम कम गर्दै जाने परियोजनाको मुख्य उद्देश्य रहेको छ ।

चन्द्रपुर नगरपालिकामा १७ वटा समूहमा आबद्ध ४३० जना तथा राजपुर नगरपालिकामा २३ वटा समूहमा आबद्ध ५८० जनाभन्दा बढी महिलालाई प्रतिव्यक्ति ६५ हजार रूपैयाँका दरले व्यवसाय सञ्चालनका लागि नगद सहयोग गरिएको उनले जानकारी दिए । महिलाहरूको रुचिअनुसारका कार्यक्रमलाई सहयोग गर्दै आएको पनि उनले बताए ।

सोही परियोजनाअन्तर्गत सामाजिक सशक्तीकरणका लागि सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र स्थापना गरी लैंगिक हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेको छ । किशोरीहरूलाई लक्षित गरी चन्द्रपुर नगरपालिकाका परियोजना सञ्चालित पाँचवटै वडामा १० सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र सञ्चालनमा रहेका छन् भने राजपुर नगरपालिकाका सात वडामा १४ वटा केन्द्र सञ्चालनमा रहेका छन् । परियोजनाका अनुसार हालसम्म दुई हजार ४०० बालबालिकाले ती केन्द्रमार्फत रूपान्तरण कोर्स पूरा गरिसकेका छन् । विद्यालय वा मदरसाबाट बाहिर रहेका किशोरीहरूलाई रूपान्तरण विधिमार्फत जीवनोपयोगी सीप सिकाउँदै सामाजिक अभियानमा सहभागी गराउने तथा नेतृत्व विकासमा सहयोग गर्ने लक्ष्य राखिएको साहले बताए ।

महिलाहरूलाई व्यवसायसँगै आवश्यक तालिम, वित्तीय साक्षरता तथा समय-समयमा प्रशिक्षण दिने र घरका पुरुष सदस्यलाई समूहमा आबद्ध गरी लैंगिक हिंसा तथा महिला अधिकारबारे प्रशिक्षण दिइँदै आएको ग्रामीण विकास केन्द्रका अध्यक्ष पारस हुसेनले बताए । उनका अनुसार समूहका महिलालाई वित्तीय साक्षरता, अन्तरपुस्ता संवाद, नेतृत्व विकासलगायत विषयमा क्षमता अभिवृद्धि गर्ने खालका प्रशिक्षण सञ्चालन भइरहेको छ । *रासस*

## मुस्ताङमा ड्रोन क्यामरा नियन्त्रण

**मुस्ताङ**– अन्नपूर्ण संरक्षित क्षेत्र मुस्ताङमा अनुमतिविना मानवरहित ड्रोन क्यामरा उडाउँदै गरेको अवस्थामा प्रहरीले एक भारतीय पर्यटकको ड्रोन क्यामरा नियन्त्रणमा लिएको छ ।

मुस्ताङको घरपझोङ गाउँपालिका-३ स्याङ खोला पुल नजिकै बुधबार साँझ ५:०० बजे विनाअनुमति ड्रोन क्यामरा उडाइरहेको अवस्थामा भेटिएपछि जिल्ला प्रहरी कार्यालय मुस्ताङले भारतीय पर्यटकको एक थान ड्रोन क्यामरा नियन्त्रणमा लिएको जनाएको छ ।

भारत विहार प्रदेश वैशाखी जिल्लाका २६ वर्षीय नागरिक शिवम् कुमारको डिजिएल कम्पनीको २४० ग्राम वजनको ड्रोन क्यामरा प्रहरीले नियन्त्रणमा लिएको प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले मानवरहित हवाई उपकरण ड्रोन क्यामरा हवाई उडानसम्बन्धी कार्यविधिबमोजिम आवश्यक कारबाहीका लागि नियन्त्रणमा लिएको ड्रोन क्यामरा नेपाल नागरिक उड्डयन प्राधिकरणको जोमसोम शाखा कार्यालयमा पठाइएको उनले बताए ।

ड्रोन क्यामरा उडान उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणमा दर्ता भएको हुनुपर्ने तथा मुस्ताङमा अन्नपूर्ण सरक्षित क्षेत्र भएकाले ड्रोन क्यामरा उडानका लागि जिल्ला प्रशासन कार्यालय र एक्यापमो पूर्वलिखित अनुमति लिनुपर्ने हुन्छ । त्यस्तै जोमसोम विमानस्थल क्षेत्रको मापदण्डभित्र पर्ने दूरीमा ड्रोन उडाइएकाले त्यस नियमकोसमेत उल्लंघन भएको प्रहरीको भनाइ छ ।

मुस्ताङमा चलचित्र तथा डकुमेन्ट्री छायांकनका लागि ड्रोन क्यामरा प्रयोग गर्न चाहने व्यक्ति वा संस्थाले ड्रोन क्योमराको आधिकारिक दर्ता विवरण र प्रशासन र एक्यापको पूर्वस्वीकृति लिनुपर्ने छ । *रासस*

## सुनसरीमा ‘सुरक्षित सिटी सफारी चालक अभियान’ सुरु

**धरान (सुनसरी)**– सिटी सफारी सञ्चालनलाई व्यवस्थित, सुरक्षित र जिम्मेवार बनाउन सुनसरीमा सुरक्षित सिटी सफारी चालक अभियान सुरु गरिएको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीले बुधबार क्युआर कोडसहितको ‘सुरक्षित चालक पोसाक’ वितरण गर्दै अभियानको औपचारिक शुभारम्भ गरेको हो ।

कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले इटहरीमा आयोजित कार्यक्रममा ३०० जना सिटी सफारी चालकलाई उक्त पोसाक वितरण गरे । पछिल्ला वर्षहरूमा इटहरी, धरान, विराटनगरलगायत पूर्वका प्रमुख सहरमा ई-रिक्सा (सिटी सफारी) को संख्या उल्लेख्यरूपमा बढेको छ । तर, दर्ता, रुट निर्धारण तथा सञ्चालनसम्बन्धी स्पष्ट कानुनी र नीतिगत व्यवस्था नहुँदा यसको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

प्रहरीका अनुसार चालकको पहिचान सुनिश्चित गर्ने, यात्रुमा विश्वास अभिवृद्धि गर्ने तथा दुर्घटना र आपराधिक गतिविधिको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा सिटी सफारीसँग सम्बन्धित दुई हजार ७३२ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ११६ जनाको मृत्यु भएको छ भने तीन हजार ९७० जना घाइते भएका छन् ।

आर्थिक वर्ष २०७८/७९ मा २२, २०७९/८० मा २४, २०८०/८१ मा ३६ तथा २०८१/८२ मा १५ जनाको मृत्यु भएको थियो । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म थप १९ जनाले ज्यान गुमाइसकेका छन् । घाइतेको संख्या पनि उच्च रहेको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०७८/७९ मा ६६८, २०७९/८० मा ७६२, २०८०/८१ मा ५९४ तथा २०८१/८२ मा ७५१ जना घाइते भएका थिए । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एक हजार १९५ जना घाइते भएका छन् ।

तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ मा ४५३, २०७९/८० मा ५५२, २०८०/८१ मा ४४६ तथा २०८१/८२ मा ५८१ वटा दुर्घटना भएका थिए । चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ७०० दुर्घटना भइसकेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी नायब महानिरीक्षक घिमिरेले बढ्दो सवारी चापसँगै ट्राफिक अनुशासन र सडक सुरक्षाको महत्व अझ बढ्दै गएको बताए । सुरक्षित चालक नै सुरक्षित यात्राको आधार भएको उल्लेख गर्दै उनले ट्राफिक नियमको पूर्णपालना गर्न तथा जिम्मेवार ढंगले सवारी सञ्चालन गर्न चालकलाई आग्रह गरे ।

उनले क्युआर कोडसहितको चालक पोसाकले चालकको पहिचान स्पष्ट बनाउन सहयोग पुग्ने र यात्रुलाई सुरक्षित यात्राको अनुभूति दिलाउने विश्वास व्यक्त गरे । प्रहरीका अनुसार मोरङबाट सुरुआत गरिएको यो अभियान क्रमशः कोशी प्रदेशका अन्य जिल्लामा विस्तार गरिने छ । *रासस*


**मलेसियामा रोजगारको अवसर** — कम्पनी : PLATINUM SECURITY SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/०१/२३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 323194 | चलानी नं. ६०२३७२०७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security | 23 | 0 | 1700 | ६३,७३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ५ गते (19th June 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.४९४/०६१/०६२

A.K. OVERSEAS (PVT.) LTD.
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027,
Amit Kumar Shrestha 9851085 705, Email: akoverseas494@gmail.com



**कतारमा रोजगार** — कम्पनी : AL FARDAN HOTELS & RESORTS (St. REGIS HOTEL)

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 339167 | चलानी नं. ६०२५२६१३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Cleaner Staff | 35 | 31 | 1800 | ७५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७०३/०६४/०६५

BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com


## बीमालेख हराएको सूचना

यस कम्पनीबाट विभिन्न मितिमा जारी गरिएका तपसिलमा उल्लेखित बीमालेख हराएको हुनाले प्रतिलिपि बीमालेख पाउँ भनी निवेदन परेकाले उक्त बीमालेख उपर कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र उक्त बीमालेख सम्बन्धी कसैले हक दावी गर्न नआएमा निजहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| बीमालेख नं. | बीमितको नाम | बीमितको ठेगाना |
|---|---|---|
| २२५००३३०४ | श्रीमती रणमाया तमाङ | मन्थली न.पा. वडा नं. ६, रामेछाप |
| १०००११८६८ | श्री शिव शंखर साफी | राजविराज न.पा. १२, सप्तरी |
| ०८६००३३८६ | श्री आकृत लिङदेन | हिलिहाङ गा.पा. ६, पाँचथर |
| ०२००१०६१० | श्री सहज गौतम | दुलारी गा.वि.स.वा.न.८, मोरङ |
| ०५००१३५०९ | श्री डोलनाथ शर्मा पौडेल | धुल्लुबाँस्कोट गा.वि.स.वडा नं.३, बागलुङ |
| ०१००६१३४६ | श्री रेम बहादुर भण्डारी | नरेठाँटी गा.वि.स. ९, बागलुङ |
| ०४००१८४९२ | श्री सुरज गुरुङ्ग | बुटवल न.पा. ९, रुपन्देही |
| २१३००९६५१ | श्री आयुष खत्री | रिम-१, सल्यान |
| ०५००२९५५३ | श्री गिता कुलु | थाके गा.वि.स.वडा नं.३, धादिङ |
| ०५३००२०१४ | श्री प्रवेश भण्डारी | भिमापोखरा गा.वि.स वडा नं.९, बागलुङ |
| ०५३००२१८० | श्री कुमार भण्डारी | भिमापोखरा गा.वि.स वडा नं.९, बागलुङ |
| ०९००००४९३ | श्रीमान शत्रुधन श्रेष्ठ | सखुवा महेन्द्रनगर गा.बि.स. वाड नं. ३, धनुषा |
| २०१००२९९४ | सुश्री प्रियङ्का राई | सिंगिया गा.वि.स. वडा नं ५, सुनसरी |
| २३१००२७३३ | श्री सक्षम श्रेष्ठ | रत्नपुर गा.वि.स.वडा नं. ३, स्याङ्गजा |
| ०१००८७७९४ | श्री उमेश हुमागाई | कुशादेवी गा.वि.स. ६, काभ्रेपलान्चोक |
| ०६३००५८८३ | श्री दिपेन्द्र राज मिश्र | केदारस्यस गा.पा. ९, बझाङ्ग |
| ०८४००३२१४ | श्री सुनिता खरेल | कन्काई न.पा. ८, झापा |
| ०८४००६७५९ | श्री राधिका घिमिरे | लुम्दे ५, इलाम |
| १००००७१०४ | श्री सरिता कुमारी साह | बोदे बर्साईन नगरपालिका वडा न ६, सप्तरी |
| ०४०००३४९७ | श्रीमान बुद्धि बहादुर सार्की | साँखर गा.वि.स.वडा नं ८, स्याङ्गजा |
| ०५०००४१८१ | श्री बेल माया रावल | बेसीशहर गा.वि.स. ९, लाम्जुङ्ग |
| ०५००१७२१५ | श्री आशिष कार्की | फेदीखोला गा.बि.स वडा नं. २, स्याङ्गजा |
| ०७००१३३९८ | श्रीमती हीरा देवी खत्री | राधापुर गा.वि.स.वडा नं.३, बाँके |
| ०९१०००३७४ | श्रीमती सुमिन्त्रा देवी गडेरी | बरमझिया गा.वि.स. वडा नं. ४ , धनुषा |
| ०९१०००३८० | श्रीमती रीता देवी यादब | बरमझिया गा.वि.स. वडा नं. ६, धनुषा |
| ०९१०००३९४ | श्रीमती सोमनी देबी यादब | बरमझिया गा.वि.स. वडा नं. ५, धनुषा |
| ११०००५९५७ | श्री चक्रपाणी जोशी | महेन्द्रनगर न.पा. वडा नं १४, कंचनपुर |
| ११२००८६५५ | श्री सुजित सुबेडी | महालक्ष्मी न.पा, वडा नं १८, ललितपुर |
| ११२०१३५९५ | श्री सन्जु कार्की | काठमाडौ म.न.पा,वडा नं ७, काठमाडौं |
| १२१००२४४१ | श्री रेवत खड्का | चानवा गा.वि.. वडा नं.३, धनकुटा |
| ०३३००२९५७ | श्री बुधिया देवी | फतुवा महेशपुर गा. बि. स. वडा न ५, रौतहट |
| ०३६०००६४५ | श्री लोकेन्द्र राई | धनगढी माई न.पा. वडा नं. १४, सिरहा |
| ०३८००९८९० | श्रीमती कृष्णमाया श्रेष्ठ | भिरपानी गा.वि.स.वडा नं.८, रामेछाप |
| ०३८०१०८९६ | श्री दिब्या अस्तानी मगर | मरिण गा.पा.वडा नं.२, सिन्धुली |
| ०५४००३१११ | श्रीमती डिल कुमारी नेपाली | बिहादी गाउपालिका वडा न ५, पर्वत |
| ०८४००५९७८ | श्री राधिका मिश्र | कपन-०१, काठमाडौं |
| ११२०१६६०६ | श्री चक्र प्रसाद जोशी | छबीस पाथीभेरा गा पा वडा न ४, बझाङ्ग |
| ०२८०००११५ | श्री नविन वैध | गेरुवा गा.पा.वडा नं.१, बर्दिया |
| ०३०००१७६२ | श्री फत्त बहादुर माझी | बसेश्वर गा.वि.स. ९, सिन्धुली |
| १३१०००३८० | श्री सिताराम सापकोटा | गजुरी गा.पा. वडा न ५, धादिङ्ग |
| ०४२००१०२३ | श्री शिव ढकाल | गीतानगर गा.वि.स.वडा नं.२, चितवन |
| ०४३०००२१६ | श्रीमती संजना क्षेत्री | सि.न.पा. वडा नं. ६, रुपन्देही |
| ०४३०००२३८ | श्री तिलक सार्की | मधुवनी गा.बि.स वडा नं. ८, रुपन्देही |
| २११००३७५४ | श्री सामना राई | साकेला गाउँपालिका वडा नं २, खोटाङ्ग |
| २१३०१३१५५ | श्री यलीसा वली | सुकिदह -५, दाङ्ग |
| २१३०१३१५६ | श्री प्रदिप वली | सुकिदह -५, दाङ्ग |
| ०५०००४५५३ | श्री कोपिला पौड्याल | बलेटक्सार गा.वि.स.- ५, गुल्मी |
| ०५००१६१२४ | सुश्री माया कुँवर | पोखरा उ.म.न.पा. वडा नं. ८, कास्की |
| ०५००१७८८५ | श्री आशिष कार्की | फेदीखोला गा.वि.स. वडा नं. २, स्याङ्गजा |
| ०५००२२००९ | सुश्री आयुस्का कोइराला | पोखरा उप.म.न.पा.वडा नं २, कास्की |
| ०५४००२४४१ | श्रीमती राधा पौडेल | वाङसिङ गा.वि.स.वडा.नं.३, स्याङ्गजा |
| ०५६००००९५ | श्री रेखा सापकोटा | बीरेन्द्रनगर न.पा.वडा नं.११, सुर्खेत |
| ०९००००३४ | श्री धनन्जय प्रसाद शाह | सातोषर गा वि स वडा नं.४, धनुषा |
| ०९०००५७८५ | श्री विरेन्द्र कुमार यादव | गम्हरिया गा.वि.स.वडा नं.२, सर्लाही |
| ०९१०००३८४ | श्रीमती बिणा कुमारी यादब | बरमझिया गा.वि.स. वडा नं. १, धनुषा |
| ०९१०००३८६ | श्रीमती नाजो देवी यादब | बरमझिया गा.वि.स. वडा नं. १, धनुषा |
| ०९१०००३९३ | श्रीमती दाया देबी गडेरी | बरमझिया गा.वि.स. वडा नं. १, धनुषा |
| १०१०००३३७ | श्री रचित चौधरी | भंगहा गा.वि.स. वडा नं. १, सप्तरी |
| २०४०००३६५ | श्री विरेन्द्र कुमार चौधरी | भादगाँउ सिनुवारी गा.वि.स वडा नं ८, सुनसरी |
| २२५०००९३५ | सुश्री अप्सरा कार्की | चुचुरे गा.वि.स.वडा नं.४, रामेछाप |
| २३७००००६ | श्री प्रज्ञा तामाङ | धुलीखेल न.पा. वडा नं. १, काभ्रे |
| ०१००५८१९७ | श्री प्रकृती उप्रेती | भण्डारा गा.वि.स. १, चितवन |
| ०३५००१७८६ | श्री बल बहादुर डिमडुङ्ग | अमलेखगंज गा.वि.स.वडा नं ३, बारा |
| ०९१०००३७३ | श्रीमती सरोज देवी यादबनी | बरमझिया गा.वि.स. वडा नं. ३, धनुषा |
| ०१००५८८४० | श्री किरण मान बल | तिसतुङ्ग गा.वि.स. ३, मकवानपुर |

National Life

*for a secure future....*

लाजिम्पाट, काठमाडौं, फोनः ४५१४७९९

वेभः www.nationallife.com.np

# प्रभाव दैनिक


रूपशाला

**'चमेलीको पोइ' असोज १६ मा**

फिल्म 'चमेलीको पोइ' असोज १६ गतेदेखि प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले फिल्मको एक पोष्टर सार्वजनिक गर्दै दशैंको उपलक्ष्यमा प्रदर्शनमा आउन लागेको जानकारी दिएको हो । पारिवारिक कमेडी जनराको फिल्ममा सुरक्षा पन्त, मुकुन भुसाल, नारायण त्रिपाठी, विल्सन विक्रम राई, रविन्द्र झा, अंशु महर्जन, खड्कबहादुर पुन (खबपु), उमेश राई, रजनी गुरूङ, सुनीता सापकोटा, गणेश गौतम, प्रेमदेव गिरी, धनलक्ष्मी बोहरा, श्रेया नारायण, अनुष्का नारायण, मिना आरएल शाही, रितु मल्ल ठकुरी, अनाररत्न बज्राचार्य, विन्दु आचार्यलगायतको अभिनय छ ।





# राष्ट्रिय रनिङ शिल्ड दोहोरीगीत प्रतियोगिता आजदेखि, १८ टिम भिड्दै

■ प्रभाव संवाददाता




**काठमाडौं–** ऐतिहासिक एवं सांस्कृतिक जिल्ला नुवाकोटको विदुरमा आज (शुक्रबार)देखि '९ औं राष्ट्रिय रनिङ शिल्ड दोहोरीगीत प्रतियोगिता-२०८३' सुरु हुँदैछ । राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको आयोजना रहेको प्रतियोगीतामा विभिन्न १८ दोहोरी टिमले प्रतिस्पर्धा गर्दैछन् । प्रतिष्ठानले बिहिबार धापासी स्थित केन्द्रीय कार्यलयमा पत्रकार सम्मेलना गर्दै टिम तथा तयारी जानकारी दिएको हो । तीन दिन चल्ने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको लोक तथा दोहोरी गति प्रतिष्ठानकी अध्यक्ष रीता थापा मगरले पत्रकार सम्मेलनमार्फत जानकारी दिइन् ।

जेठ २९, ३० र ३१ गते विदुर नगरपालिकास्थित ईलम प्रशिक्षण केन्द्रमा आयोजना हुने यस प्रतियोगिताले नेपाली लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान र नव प्रतिभाको प्रोत्साहन गर्ने मूल उद्देश्य राखेको छ ।

प्रतियोगितालाई समावेशी र प्रतिस्पर्धी बनाउन प्रतिष्ठानको आन्तरिक छनोट प्रक्रिया पूरा गरिएको छ । जसअनुसार सातै प्रदेशबाट छनोट भएका उत्कृष्ट २-२ समूह, उपत्यका समन्वय समितिका उत्कृष्ट २ समूह र विदेश शाखाका उत्कृष्ट २ समूह गरी कुल १८ उत्कृष्ट टोलीहरूले रनिङ शिल्डका लागि प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा प्रथम हुने टोलीले शिल्डसहित नगद ३ लाख रूपैयाँ पुरस्कार प्राप्त गर्नेछ । यसैगरी द्वितीय पुरस्कार २ लाख, तृतीय पुरस्कार १ लाख र सान्त्वना पुरस्कार ५० हजार रूपैयाँ तोकिएको छ । विधागततर्फ उत्कृष्ट गायक, उत्कृष्ट गायिका, उत्कृष्ट नवगायक, उत्कृष्ट नवगायिका, अनुशासित गायक/गायिका, र उत्कृष्ट भेषभूषामा प्रस्तुत हुने गायक-गायिकाका लागि समेत आकर्षक पुरस्कारको व्यवस्था रहेको छ ।

प्रतियोगिताको भव्य उद्घाटन समारोहमा बागमती प्रदेशका पूर्व मुख्यमन्त्री बहादुर सिंह लामा प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् । दोस्रो दिन बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री माननीय सुरेश श्रेष्ठ र समापन समारोह (अन्तिम दिन) मा विदुर नगरपालिकाका प्रमुख राजनलाल श्रेष्ठ प्रमुख अतिथिका रूपमा सहभागी प्रतिष्ठानकी अध्यक्ष थापा मगरले जानकारी दिइन् ।

मूल समारोहको संयोजक प्रतिष्ठानकी केन्द्रीय अध्यक्ष रीता थापा मगर आफैं रहेकी छिन् भने सह-संयोजकमा प्रशासनिक उपाध्यक्ष दीपक खड्का र उप-संयोजकमा केन्द्रीय सदस्य उषा सुवेदी रहेका छन् । सांस्कृतिक कार्यक्रम व्यवस्थापनको जिम्मेवारी वरिष्ठ उपाध्यक्ष पशुपति शर्माले सम्हालेका छन् भने कार्यक्रम निर्देशकका रूपमा उज्वल जंग ठकुरी रहेका छन् । मञ्च व्यवस्थापनमा रामजी खाँण र अतिथि सत्कारमा राधिका हमाललगायतका कलाकारहरू विभिन्न उपसमितिमा सक्रिय छन् ।

कार्यक्रमको कुल अनुमानित बजेट ६८ लाख ४० हजार रूपैयाँ रहेको छ । कार्यक्रमको मुख्य संरक्षक बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालय रहेको छ भने संरक्षकका रूपमा विदुर नगरपालिका र टोखा नगरपालिका रहेका छन् । नुवाकोट उद्योग वाणिज्य संघ यसको प्रवर्द्धक रहेको छ भने मुख्य सहयोगी संस्थाको रूपमा नुवाकोट निर्माण व्यवसायी संघ रहेको छ ।

प्रतियोगितालाई नुवाकोटमै पुगेर प्रत्यक्ष रूपमा करिब २० हजार दर्शकले अवलोकन गर्ने तथा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत देश तथा विदेशमा रहेका करिब ५० लाख नेपाली तथा नेपालीभाषी दर्शकले हेर्ने अपेक्षा प्रतिष्ठानको छ । आयोजक प्रतिष्ठानले सम्पूर्ण लोक सङ्गीतप्रेमी, सञ्चारकर्मी र आम नागरिकलाई यो महोत्सवमा सहभागी हुन अपिल समेत गरेको छ ।

# थुमन र प्रीतिले ल्याए 'ठकुरीको छोरी'

■ प्रभाव संवाददाता



**काठमाडौं–** चर्चित गायिका प्रिति आले र गायक तथा सर्जक थुमन शर्माद्वारा स्वरबद्ध 'ठकुरीको छोरी' बोल रहेको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । गीतमा थुमन र प्रितिसँगै युवराज छन्त्याल तथा प्रतिभा शर्मा चपाईको स्वर रहेको छ । गीतमा प्रतिभा शर्मा चपाईको शव्द र प्रिय कुमारको संगीत रहेको छ ।

अर्जुन थापाको निर्देशनमा तयार पारिएको उक्त म्युजिक भिडियोमा गोबिन्द विवश, सरिता धनकुटी, सबिता कार्की , कञ्चन सारु मगर, रेनुका बराल लगायतको अभिनय तथा नृत्य हेर्न सकिन्छ । भिडियोको छाँयाकन तथा सम्पादन सुशील दांगीले गरेका हुन । भिडियो थुमन शर्मा अफिसियल युट्युब च्यानल मार्फत सार्वजनिक भएको छ । यस गीत र भिडियोलाई पनि पहिलेकै गीत र भिडियोलाई जस्तै दर्शकश्रोताले माया, साथ र सपोर्ट गरिदिनु हुन्छ भन्ने कुरामा गायक थुमन शर्मा तथा टिम आशावादी रहेको कुरा बताए ।

## रंगशाला

# विश्वकपका खेल अवैध स्ट्रिमिङ नगर्न दूरसञ्चारको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल दूरसञ्चार प्राधिकरणले फिफा विश्वकप २०२६ का खेलहरू अवैध रूपमा प्रसारण तथा स्ट्रिमिङ हुन नदिन सबै मोबाइल तथा इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिएको छ ।

प्राधिकरणको अनुमतिपत्र शर्त अनुगमन शाखाले बिहीबार पत्र जारी गर्दै नेपालका लागि विश्वकप प्रसारणको आधिकारिक अधिकार हिमालय टेलिभिजन नेटवर्क अन्तर्गतको हिमालय स्पोर्टस र डिसहोम डिजिटल प्रा.लि. अन्तर्गतको डीगो ब्रोडकास्टिङ कन्सोर्टियमले प्राप्त गरेको उल्लेख गरेको छ । यसबीच प्राधिकरणले पाइरेटेड तथा अनधिकृत वेबसाइट र एपमार्फत खेलहरू निः शुल्क स्ट्रिमिङ गर्ने प्रयास भइरहेको जानकारी दिएको छ । पत्रमा सेवा प्रदायकहरूलाई विश्वकपका खेलहरू अनधिकृत रूपमा स्ट्रिमिङ हुन नदिने व्यवस्था मिलाउन तथा आवश्क निग्रानी गर्न आग्रह गरेको छ ।

प्राधिकरणले पत्रमा ३५ वटा वेबसाइट तथा प्लेटफर्मको सूचीसमेत सार्वजनिक गर्दै ती माध्यमबाट अवैध प्रसारण हुन सक्ने जनाएको छ । नेपालमा यसपालीको विश्वकप हिमालय स्पोर्ट्स च्यानलबाट प्रसारण हुनेछ भने डिजिटलतर्फ डीगो एपमार्फत खेलहरूको स्ट्रिमिङ हुने छ ।

फिफाले नेपालका लागि एक्सक्लुसिभ अधिकार दिएका कारण विदेशी टेलिभिजन र स्ट्रिमिङ एपले नेपालभित्र प्रसारण गर्न पाउने छैनन् । नेपाली दर्शकहरूले तोकिएको शुल्क भुक्तानी गरेपछि विश्वकपका सबै १०४ खेल हेर्न पाउनेछन् । टिभी प्याकेजका लागि करसहित ९९९ रूपैयाँ शुल्क तोकिएको छ भने मोबाइल प्याकेजका लागि करसहित ५४९ तोकिएको छ । मोबाइल र ल्यापटप दुवैमा हेर्नका लागि पनि ९९९ रूपैयाँ शुल्क तिरे पुग्नेछ ।

# जनकपुरद्वारा आसिफ रिलिज

**काठमाडौं (प्रस)–** नेपाल प्रिमियर लिग(एनपिएल) पहिलो संस्करणको च्याम्पियन टोली जनकपुर बोल्ट्सले टोलीको मार्की खेलाडी आसिफ शेखलाई टिमबाट रिलिज गरेको छ । जनकपुरले २०२६ को एनपिएलको अक्सन अगाडी सार्वजजिक गरेको रिटेन खेलाडीको सुचीमा आसिफ नरहेका हुन् । जनकपुरले तेस्रो संस्करणको एनपिएलका लागि अनिल शाह, ललित राजवंशी, विकास आग्री, मयन यादव र आदित्य महतरालाई रिटेन गरेको छ ।

पहिलो संस्करणमा जनकपुरलाई च्याम्पियन बनाउँदा आसिफ कप्तानी भुमीकामा समेत रहेका थिए । पहिलो संस्करणको बीचैमा नियमित कप्तान अनिल शाह घाइते हुँदा आसिफले टोलीको कप्तानी गरेका थिए । जनकपुरले रिटेन नगरेका आसिफ अब अक्सनका लागि उपलब्ध हुनेछन् । पहिलो संस्करणमा आसिफ नगद रु. २० लाखमा जनकपुरको मार्की खेलाडी बनेका थिए ।

पहिलो संस्करणमा जनकपुर च्याम्पियन बन्दा आसिफले १० खेलमा १६२ रन बनाएका थिए । पछिल्लो दोस्रो संस्करणमा टोली प्रदर्शन खस्कदा उनले ७ खेलमा मात्र १०५ रन जोडेका थिए ।

जनकपुरले आसिफ सहित ७ खेलाडी रिलिज गरेको छ । जनकपुरको रिलिज सुचीमा रूपेश सिंह, सचिन भट्ट, तुलबहादुर थापा, किशोर महतो, शुभ कसांकार, आसिफ शेख र पप्पु यादव रहेका छन् । गत संस्करणमा अनिल साहले कप्तानीबाट राजिनामा दिएपछि टोलीले आसिफ भन्दा अघि वायन पार्नेल र जान निको लफ्टि इटनलाई कप्तानीको जिम्मेवारी दिएको थियो । एनपिएलको इतिहासमा मार्की खेलाडी रिलिज गर्ने जनकपुर पहिलो टोली हो ।

# राखेप उपाध्यक्षमा पूर्वगोलकिपर विशाल नियुक्त

**काठमाडौं (प्रस)–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)को उपाध्यक्षमा पूर्वगोलकिपर विशाल श्रेष्ठ नियुक्त भएका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयले बुधबार उनलाई उक्त जिम्मेवारी दिएको हो । योसँगै विशालले घरेलु फुटबलमार्फत पनि सन्न्यास लिएका छन् । बुधबार सामाजिक सञ्जालमार्फत उनले उक्त जानकारी दिएका हुन् । उनले ७ पुस २०८० सालमै अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिइसकेका थिए ।

तर, मच्छिन्द्र फुटबल क्लबबाट उनले घरेलु फुटबल खेलिरहेका थिए । सिन्धुपाल्चोकस्थित तौथलीमा जन्मिएका विशालले एक मात्रै अन्तर्राष्ट्रिय खेल खेल्न पाएका थिए ।

यद्यपि, ३३ वर्षीय विशालले मनाङ मर्स्याङ्दी, नेपाल पुलिस र मच्छिन्द्रबाट घरेलु लिग खेलिसकेका छन् ।

यस्तै, बुटबल लुम्बिनी एफसी र एफसी चितवनबाट उनले नेपाल सुपर लिग (एनएसएल) खेलेका छन् । यस्तै, मन्त्रालयले राखेपको चार जाना बोर्ड सदस्य पनि नियुक्त गरेको थियो । नियुक्त भएका सदस्यमा पूर्वअलराउन्डर तथा प्रशिक्षक शक्तिप्रशाद गौचन, बुद्धिचालकी मोनालिसा खुम्बू, फुटबलका पवन शाही र टेबल टेनिसकी सिक्का सुवाल रहेका छन् । शक्तिले सोमबार मात्र रूपन्देही क्रिकेट संघको अध्यक्ष पदमा चुनाव हारेका थिए । यस्तै, खुम्बू हिमालयन चेस एकेडेमीकी संस्थापक हुन् भने सिक्का र पवन आ-आफ्नो क्षेत्रमा खेलिरहेका थिए । पबन गत २३ गते भएको जेनजी प्रदर्शनका क्रममा बानेश्वरमा गोली लागेर घाइते भएका थिए ।


**शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी**

कम्पनी : UNITED FOR WORKS OF BROKERAGE IN HIRING AND RECRUITING NON-JORDANIAN DOMESTICE WORKER — Jordan, AMMAN

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343352 | चलानी नं. ६०२५६६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housemaid/domestic Helper | 0 | 49 | 300 | ४५,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Secretary/secretary | 0 | 1 | 400 | ६१,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिवार्य लिनु पर्ने । खाना, बस्न सहित तालिम नि:शुल्क हुने र शुन्य लागत (Zero Cost) मा जान पाईने ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Mobile: (Sanjiv Sah)9801067993 Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

**Fewa HR Solutions Pvt. Ltd.**
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : MENA SAUDI INDUSTRIAL SERVICES CO. LTD. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343324 | चलानी नं.६०२५६६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 1 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफै |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**युएइ/ओमनमा रोजगार** कम्पनी : THE MIRRORED BEAUTY &SPA

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343294 | चलानी नं. ६०२५६६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Style | 0 | 1 | 1800 | ७४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAMELLIA FRAGRANT TRADE

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343310 | चलानी नं. ६०२५६६४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/ Manicure Pedicure | 0 | 1 | 170 | ६७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HMS AL BATINAH SPC

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343309 | चलानी नं. ६०२५६६३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 1 | 170 | ६७,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Rohinimarg, Old Baneshwor-10, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

**कतारमा रोजगार** कम्पनी : ALMOFEED CO. FOR HOSTING,CLEANING AND GENERAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343249 | चलानी नं.६०२५६६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 7 | 6 | 1000 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ ।

Nexus Human Resource Pvt. Ltd.
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498

**मलेसियामा रोजगार** कम्पनी : TAMU INTERNATIONAL BERHAD

पूर्व स्वीकृति मिति : २०८२/११/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 339860 | चलानी नं. ६०२५३१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping | 20 | 0 | 1700 | | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT — Govt. License No. 1016/068/69
RADIANT OVERSEAS PVT. LTD.
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np

**युएइमा रोजगार** कम्पनी : FARMER STAR CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343302 | चलानी नं. ६०२५६६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 3 | 0 | 1200 | ४९,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | TILE SETTER HELPER | 3 | 0 | 1200 | ४९,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

**जापानमा रोजगार** कम्पनी : CHUSYO KIGYO SHINKO KYODO KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 342963 | चलानी नं. ६०२५६६१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 0 | 3 | 173063 | १,६४,३९० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 342964 | चलानी नं. ६०२५६६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 3 | 9 | 181997 | १,७२,८७५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 342965 | चलानी नं. ६०२५६६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Press Operating Labour | 2 | 0 | 201475 | १,९१,३६० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**ः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार ५ गते (19th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TP — Govt. License 1544/078/079
TIRUPATI H.R. SOLUTION (P) LTD
Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np



विश्वकप फुटबल प्रतियोगिता उद्घाटनअघि बुधवार टोरन्टोमा आयोजित काउण्टडाउन कन्सर्टमा प्रस्तुति दिँदै नोरा फतेही । *तस्विरः एपी*

# विश्वकप उद्घाटनसँगै विवाद

**मेक्सिको सिटी–** उच्च टिकट मूल्य, भिसा विवाद र राजनीतिक संवेदनशीलताबीच मेक्सिको सिटीको ऐतिहासिक एस्टाडियो एजटेकामा दक्षिण अफ्रिका र आयोजक सह-देश मेक्सिकोबीचको खेलसँगै ४८ टोली सहभागी विश्वकपको सुरुआत भएको छ । करिब छ सातासम्म चल्ने यो प्रतियोगिता संयुक्त राज्य अमेरिका, मेक्सिको र क्यानाडाको संयुक्त आयोजनामा भइरहेको हो । प्रतियोगिताको फाइनल जुलाई १९ मा न्युजर्सीमा हुने छ ।

फिफाका अनुसार यो संस्करण इतिहासकै सबैभन्दा ठूलो विश्वकप हो । प्रतियोगिताबाट करिब १३ अर्ब अमेरिकी डलर बराबरको राजस्व उठ्ने अनुमान गरिएको छ । तर प्रतियोगिता सुरु हुनुअघि नै टिकट मूल्य अत्यधिक भएको भन्दै आलोचना तीव्र बनेको छ भने अमेरिकाको कडा अध्यागमन नीतिका कारण खेलाडी, रेफ्री र समर्थकहरूलाई भिसासम्बन्धी समस्या भएको रिपोर्ट सार्वजनिक भएको छ ।




फिफा अध्यक्ष जियानी इन्फान्टिनोले मेक्सिको सिटीमा प्रतियोगिताको उद्घाटन अवसरमा बोल्दै आलोचनालाई अस्वीकार गरेका छन् । उनका अनुसार टिकट मूल्यमा विविधता राखिएको र केही खेलका लागि ६० डलरसम्मका सस्तो टिकट उपलब्ध गराइएको छ भने केही प्रिमियम टिकटको मूल्य ३० हजार डलरसम्म पुगेको छ । औसत टिकट मूल्य ५०० डलरभन्दा कम रहेको भन्दै उनले यसलाई अमेरिकी खेलकुद घटनामध्ये तुलनात्मकरूपमा सुलभ भएको दाबी गरे ।

भिसा विवादबारे टिप्पणी गर्दै इन्फान्टिनोले सोमाली रेफ्री ओमार आर्टनको घटनालाई 'दुर्भाग्यपूर्ण' भनेका छन् । सुरक्षा चिन्ताका कारण उनलाई संयुक्त राज्य अमेरिकामा प्रवेश अनुमति नदिइएको र उनी प्रतियोगितामा सहभागी नहुने फिफाले पुष्टि गरेको छ । अमेरिकी विदेश मन्त्रालयले उनलाई 'आतंकवादी संगठनसँग सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क रहेको' आरोप लगाएको थियो ।

इन्फान्टिनोले भिसा तथा सुरक्षासम्बन्धी सबै परिस्थितिमा फिफाको पूर्ण नियन्त्रण नहुने स्पष्ट पार्दै ती घटनालाई लिएर तत्काल आक्रोश व्यक्त गर्नु सधैं समाधान नभएको बताए । उनले इरानको सहभागितालाई लिएर उठेका प्रश्नबारे पनि टिप्पणी गर्दै विभिन्न राजनीतिक तनावका बाबजुद इरानले विश्वकप खेल्न पाउनु फिफाका लागि उपलब्धि भएको उल्लेख गरे । हाल इरान र अमेरिका बीचको सैन्य तनाव जारी रहे पनि प्रतियोगितामा सहभागिता सुनिश्चित गर्न सम्भव भएको उनको भनाइ थियो ।

फिफा प्रमुखको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सम्बन्ध पनि चर्चामा रहेको छ । इन्फान्टिनोले ट्रम्पको समर्थनविना अमेरिकामा विश्वकप आयोजना गर्न कठिन हुने धारणा राखेका छन् । ट्रम्पले भने प्रतियोगिताका केही खेलमा सहभागी हुने योजना रहेको बताएका छन् ।

खेल मैदानतर्फ भने उद्घाटन खेलमा ८५ हजार दर्शक अट्ने एस्टाडियो एजटेकामा दक्षिण अफ्रिकाले घरेलु टोली मेक्सिकोको सामना गर्दै छ । दक्षिण अफ्रिकाका प्रशिक्षक हचुगो ब्रुसले घरेलु समर्थकहरूको अत्यधिक आवाजलाई चुनौतीका रूपमा लिएर खेलमा ध्यान केन्द्रित गर्न आफ्ना खेलाडीहरूलाई आग्रह गरेका छन् ।

मेक्सिकोले अहिलेसम्म सातपटक विश्वकपको उद्घाटन खेल खेले पनि जित निकाल्न सकेको छैन । प्रशिक्षक जेभियर एगुइरेले यसपटक त्यो तथ्यांक तोड्ने लक्ष्य रहेको बताउँदै खेलाडीलाई विशेष प्रेरणा दिइएको उल्लेख गरे ।


उद्घाटन दिनको दोस्रो खेल दक्षिण कोरिया र चेक गणतन्त्रबीच गुआडालाजारामा हुने छ । प्रतियोगिताका प्रमुख दाबेदारका रूपमा स्पेन, फ्रान्स, पोर्चुगल र इंल्याण्डलाई हेरिएको छ भने वर्तमान च्याम्पियन अर्जेन्टिना आफ्नो कप्तान लियोनेल मेस्सीको नेतृत्वमा उपाधि रक्षा गर्ने लक्ष्यमा मैदानमा उत्रिने छ । *रासस/एएफपी*

# ओमानमा अमेरिकी आक्रमणबाट मारिए तीन भारतीय

**नयाँदिल्ली–** ओमान तटनजिक संयुक्त राज्य अमेरिकाले प्रहार गरेको व्यापारिक जहाजमा सवार तीन भारतीय नाविकको मृत्यु भएको भारतका जल यातायातमन्त्री सर्वानन्द सोनोवालले पुष्टि गरेका छन् । उक्त घटनाले भारतीय चालक दलको सुरक्षाबारे गम्भीर चिन्ता थपिएको छ ।

मन्त्री सोनोवालका अनुसार पलाउको झण्डा बोकेको एमटी सेटेबेलो नामक जहाजमा भएको आक्रमणपछि बेपत्ता भनिएका तीन भारतीय नाविकलाई पछि मृत अवस्थामा फेला पारिएको हो । उनले विज्ञप्तिमा उक्त घटनालाई अत्यन्त दुर्भाग्यपूर्ण र पीडादायी बताउँदै मृत्युको औपचारिक पुष्टि गरिएको जानकारी दिए ।

भारतको विदेश मन्त्रालयले बुधबार उक्त जहाजमाथिको अमेरिकी आक्रमणपछि नयाँदिल्लीस्थित एक वरिष्ठ अमेरिकी कूटनीतिज्ञलाई बोलाएर कडा विरोध जनाएको छ ।



घटनाले कूटनीतिक स्तरमा पनि तनाव उत्पन्न गरेको छ ।

यो हप्ता मुख्यरूपमा भारतीय चालक दल रहेका व्यापारिक जहाजहरूमा भएको यो दोस्रो अमेरिकी आक्रमण भएको बताइएको छ । यसअघि जुन ८ मा ओमान अधिकारीहरूले पलाउ झण्डावाहक ट्यांकर एमटी मारिभेक्सबाट २४ जना भारतीय नाविकलाई सुरक्षित रूपमा एयरलिफ्ट गरेका थिए । सो घटनासम्बन्धी तस्बिरहरूमा जहाजको पुल र आवास कक्षबाट बाक्लो कालो धुवाँ निस्किरहेको तथा चालक दलका सदस्यहरूलाई हेलिकप्टरमार्फत उद्धार गरिएको देखिएको थियो ।

मन्त्री सोनोवालले सरकारले शोकाकुल परिवारसँग पूर्ण एकता प्रकट गरेको उल्लेख गर्दै कठिन घडीमा भारत सरकार पीडित परिवारसँग दृढ रूपमा उभिएको बताए । उनका अनुसार उद्धार गरिएका चालक दलका सदस्यहरूलाई छिटो भारत फर्काउने तयारी भइरहेको छ भने मृतकका पार्थिव शरीरलाई पनि अन्तिम संस्कारका लागि यथाशीघ्र स्वदेश ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिइएको छ । घटनाले समुद्री मार्गमा व्यापारिक जहाज र चालक दलको सुरक्षा, विशेषगरी अन्तर्राष्ट्रिय सैन्य तनावबीच, अझ चुनौतीपूर्ण बन्दै गएको संकेत गरेको छ । *रासस/एएफपी*

# मध्यपूर्व संकट गहिरिँदै

**वासिङ्टन–** मध्यपूर्वमा शत्रुता तीव्र बन्दै जाँदा इरान र संयुक्त राज्य अमेरिकाबीच बिहीबार फेरि हवाई आक्रमण र मिसाइल प्रहार आदानप्रदान भएको छ । कुवेत र बहराइनसहितका संवेदनशील क्षेत्रमा तनाव फैलिँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई रोकिएका वार्ता भंग गरेको भन्दै 'मूल्य चुकाउनुपर्ने' चेतावनी दिएका छन् ।



अमेरिकी सेनाले दोस्रो चरणको हवाई आक्रमण सुरु गरेको केही समयपछि इरानले पनि प्रतिक्रियास्वरूप मिसाइल आक्रमण गरेको बताइएको छ । बहराइनमा रहेको अमेरिकी नौसेनाको पाँचौं फ्लिट मुख्यालयलाई लक्षित गरेर तनाव थप चुलिएको छ ।

इरानका विभिन्न सहरहरूमा भएका नयाँ हवाई आक्रमण र त्यसको बदलामा भएका प्रतिआक्रमणले शान्ति वार्ताको प्रयास ठप्प भएको संकेत देखिएको छ । इरानले हर्मुज जलघाँटीमा आफ्नो रणनीतिक पकड कायम राख्ने अडान लिएको छ भने लेबनानमा हिजबुल्लाहमाथि इजरायलको निरन्तर आक्रमणले पनि कूटनीतिक प्रयास कमजोर बनाएको बताइएको छ । सोमबारदेखि इरान र इजरायलबीचसमेत प्रत्यक्ष आक्रमण भएको उल्लेख छ ।

यसअघि बुधबार इरानबाट मिसाइल प्रहार र अमेरिकी हवाई आक्रमणबीच पहिलो चरणको ठूलो झडप भएको थियो । त्यस क्रममा बहराइन, कुवेत र जोर्डनमा मिसाइल प्रहार गरिएको र अमेरिकी हेलिकप्टर खसालिएको घटनापछि स्थिति झनै तनावपूर्ण बनेको हो । अमेरिकी सेन्ट्रल कमाण्डका अनुसार बिहीबार बिहान सूर्य उदाउनुअघि इरानमा लक्षित हवाई आक्रमणको दोस्रो चरण सम्पन्न गरिएको हो । उक्त आक्रमणमा सैन्य निगरानी, सञ्चार र हवाई रक्षा प्रणालीलाई निशाना बनाइएको बताइएको छ । अमेरिकी वायुसेना, मरीन र नौसेनाले संयुक्तरूपमा सञ्चालन गरेको आक्रमणको क्षतिबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन ।

आक्रमणपछि तेहरान वरपरका क्षेत्र, साथै बन्दर अब्बास र दक्षिणी भूभागमा शक्तिशाली विष्फोटहरू सुनिएको स्थानीय स्रोतहरूले जनाएका छन् । यसैबीच कुवेतले आफ्नो हवाई क्षेत्र बन्द गरेको छ । देशका अधिकारीहरूका अनुसार लगातार इरानी आक्रमणको जोखिम बढेपछि उडानहरू अन्य विमानस्थलतर्फ मोडिएको छ । कुवेतको हवाई रक्षा प्रणालीले आकाशमा प्रवेश गरेका केही मिसाइललाई रोक्ने प्रयास गरेको पनि बताइएको छ ।

## कूटनीतिक समाधान गर्न महासचिव गुटेरेसको आग्रह

**जेनेभा–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बारम्बारको आक्रमणले युद्धविरामलाई खतरामा पारेको भन्दै मध्यपूर्व क्षेत्रमा स्थायी शान्ति कायम गर्नका लागि कूटनीति उपाय अपनाउन सम्बन्धित पक्षलाई आह्वान गरेका छन् ।

सामाजिक सञ्जाल एक्समा महासचिव गुटेरेसले मध्यपूर्व लामो युद्धका कारण गहिरो संकटमा तानिएको उल्लेख गर्दै यसको प्रभाव उक्त क्षेत्रभन्दा बाहिरसम्म पनि पुगेकोसमेत जनाएका छन् । पछिल्लो समयमा बढेको आक्रमणले अवस्था थप बिग्रन लागेको उनले बताएका छन्, जहाँ युद्धविरामको समयमा पनि गोलावारी जारी छ । उनले कुनै पनि पक्ष आक्रमक नबनी थप जोखिमलाई कम गर्नुपर्ने बताएका छन् । सबै पक्षले कूटनीतिक समाधानका लागि भूमिका खेल्नुपर्ने बताउँदै उनले अब कुनै पनि बहानामा आक्रमण गर्न नहुने बताएका छन् ।

मध्यपूर्व र खाडी क्षेत्रमा द्रुत गतिमा विकसित भइरहेको द्वन्द्वरत अवस्थाको बीचमा, कुवेत, जोर्डन र बहराइनका हवाई रक्षा प्रणालीले हवाई लक्ष्यहरू रोक्ने चेतावनी जारी गरेका छन् । अमेरिकी आक्रमणको प्रतिक्रियामा इरानी अधिकारीहरूले स्ट्रेट अफ होर्मुज बन्द गर्ने घोषणा गरेपछि द्वन्द्वका प्रमुख घटनाक्रमहरू अगाडि बढेको जनाइएको छ ।

इरानको आइआरजिसीलाई उद्धृत गर्दै अल जजिराले अमेरिकी आक्रमणको प्रतिक्रियाका लागि कुवेतको अली अल-सलेम र अहमद अल-जाबेर र बहराइनको शेख इसा एयर बेससहित १८ वटा अमेरिकी सैन्य क्षेत्रहरूलाई लक्षित गरिएको बताएको छ ।

तनाव बढ्दै जाँदा, आइआरजिसीका कमाण्डर जनरल सैयद माजिद मौसवीले अमेरिकालाई चेतावनी दिँदै यदि अमेरिकाले स्ट्रेट अफ होर्मुजको सुरक्षामा धम्की जारी राख्यो भने यस क्षेत्रलाई रणभूमिमा परिणत गर्ने बताएको प्रेस टिभीले रिपोर्ट गरेको छ । *रासस/एएनआई*

हालैका दिनमा कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा प्रत्यक्ष प्रहार भएको र त्यस घटनामा एक जनाको मृत्यु तथा दर्जनौं घाइते भएको विवरण पनि सार्वजनिक भएको छ । बहराइनमा पनि मिसाइल चेतावनी साइरन बजाइएको छ । अमेरिकी नौसेनाको पाँचौं फ्लिट रहेको यस टापु राज्यमा सम्भावित आक्रमणको जोखिमबारे सुरक्षा सतर्कता उच्च पारिएको छ । कुवेत र बहराइन दुवै देशले आफ्नो हवाई रक्षा प्रणालीलाई पूर्णतयारी अवस्थामा राखेका छन् । क्षेत्रीय रूपमा फैलिँदै गएको यो सैन्य तनावले मध्यपूर्वलाई थप गम्भीर संकटतर्फ धकेलिरहेको र कूटनीतिक वार्ताका प्रयासहरू निरन्तर असफल भइरहेका देखिएको छ । *रासस/एपी*

# मुम्बईको फ्लाइओभरमुनि 'स्कुल'

**मुम्बई–** मुम्बईको व्यस्त फ्लाइओभरमुनि पुनः प्रयोग गरिएका ढुवानी कन्टेनरभित्र सञ्चालन भइरहेको एक अनौपचारिक तर जीवन परिवर्तनकारी विद्यालयले सडकमा जीवन बिताइरहेका तथा अत्यन्त विपन्न बालबालिकाका लागि शिक्षाको नयाँ बाटो खोलिदिएको छ । सहरका चम्किला भवन र भीडभाडयुक्त सडकबीच रहेको यो 'सिग्नल शाला' विद्यालय धेरैका लागि आशा र अवसरको केन्द्र बनेको छ ।

भारतमा छ देखि १४ वर्ष उमेरका बालबालिकाका लागि निःशुल्क शिक्षाको कानुनी व्यवस्था भए पनि गरिबी, बसाइँसराइ र अस्थिर रोजगारीका कारण लाखौं बालबालिका अझै विद्यालय बाहिर रहेका छन् । विशेषगरी मुम्बईजस्ता ठूला सहरमा सडक र झुपडी बस्तीमा बस्ने परिवारका बालबालिका नियमित शिक्षाबाट वञ्चित हुने अवस्था कायम छ ।

यही सन्दर्भमा गैरनाफामुखी संस्थाले सञ्चालन गरेको 'सिग्नल शाला'ले सडक बालबालिकालाई लक्षित गर्दै वैकल्पिक शिक्षाको मोडेल अघि सारेको हो । संस्थापक भटु सावन्तका अनुसार औपचारिक शिक्षामा पहुँच नपाएका दर्जनौं बालबालिकालाई समेट्दै उनीहरूलाई नियमित सिकाइमा ल्याउने प्रयास भइरहेको छ ।

'यी बालबालिकाहरू नियमित विद्यालय जान सक्दैनन्, त्यसैले हामीले उनीहरूका लागि विद्यालय नै उनीहरूसम्म ल्याएका हौं,' सावन्तले भने ।




भारतको विशाल सार्वजनिक विद्यालय प्रणाली भए पनि सन् २०२४-२५ को सरकारी तथ्यांकअनुसार करिब १२ लाख बालबालिका अझै विद्यालय बाहिर रहेको देखिएको छ । यसलाई बालशिक्षामा गम्भीर चुनौतीका रूपमा लिइएको छ ।

सिग्नल शाला फ्लाइओभरमुनि राखिएका वातानुकूलित कन्टेनरहरूबाट सञ्चालन हुन्छ, जहाँ ट्राफिकको निरन्तर आवाजबीच कक्षा सञ्चालन हुन्छ । विद्यालयको संरचना सडक जीवनको यथार्थअनुसार तयार गरिएको छ । बिहानै विद्यालय बसले मुम्बईका झुपडी बस्तीका साँघुरा गल्लीहरू घुम्दै यातायात खर्च धान्न नसक्ने धेरै परिवारका विद्यार्थीहरूलाई उठाउँछ ।

विद्यालय प्रवेशसँगै बालबालिकालाई पहिले नुहाउने सुविधा दिइन्छ, व्यक्तिगत सरसफाइका आधारभूत सुविधा नहुँदा उनीहरूका लागि किताब, लुगा र सामग्री सुरक्षित राख्न लकरको व्यवस्था गरिएको छ । दैनिक तीन छाक खाना निःशुल्क उपलब्ध गराइन्छ र कक्षा समय पनि सामान्यभन्दा लामो राखिएको छ ।

यहाँ शिक्षण प्रणाली उमेर नभई, क्षमताका आधारमा विभाजन गरिएको छ । शिक्षकहरूले कहिल्यै औपचारिक विद्यालय नदेखेका बालबालिकाका लागि आधारभूत लेखपढदेखि व्यावहारिक सीपसम्मका पाठ्यक्रम अनुकूलन गर्छन् । ठूला उमेरका विद्यार्थीलाई स्थिर बस्ने, स्पष्ट बोल्ने र ध्यान केन्द्रित गर्ने जस्ता आधारभूत सामाजिक सीप पनि सिकाइन्छ ।

विद्यालयमा विशेष चुनौती अर्ध-घुमन्ते पारधी समुदायका बालबालिकासँग देखिन्छ, उनीहरूले स्थानीय भाषा पनि राम्ररी बोल्दैनन् । शिक्षक तेजस्वी बोराडेका अनुसार सुरुआती अवस्थामा धेरै बालबालिकालाई हप्ता, महिना वा ऋतुजस्ता आधारभूत अवधारणा पनि थाहा थिएन । 'जब उनीहरू यहाँ आएका थिए, उनीहरूलाई समयको आधारभूत संरचना नै थाहा थिएन,' बोराडेले भने ।

विद्यार्थीहरूका लागि यो विद्यालय केवल पढाइको ठाउँ मात्र नभई सुरक्षित आश्रयस्थल पनि बनेको छ । १२ वर्षीया पूजा पवारले विद्यालय बस देख्दा खुसी हुने बताउँदै विद्यालयमा खाना, खेलकुद र सांस्कृतिक गतिविधिले आफूलाई आकर्षित गर्ने बताइन् । 'बिहानको खाना राम्रो हुन्छ, हामी केक बनाउँछौं, नाच्छौं,' उनले भनिन् ।

ट्राफिक लाइटमा सामान बेचेर जीविकोपार्जन गर्ने १२ वर्षीय बालाजी लक्ष्मणका लागि विद्यालय नयाँ भविष्यको ढोका बनेको छ । उनले डाक्टर बन्ने सपना देख्न थालेको बताए । सञ्चालक सावन्तका अनुसार विद्यालयको उद्देश्य केवल आधारभूत शिक्षा दिनुमात्र नभई बालबालिकालाई २१औं शताब्दीका लागि तयार पार्नु पनि हो । मुम्बई बाहिरी क्षेत्रमा स्थापना गरिएका अन्य विद्यालयहरूमा रोबोटिक्स, कृत्रिम बौद्धिकता (एआई) र थ्रिडी प्रिन्टिङजस्ता आधुनिक प्रविधि पनि सिकाइन्छ ।

सावन्तले सरकार र निजी क्षेत्रको सहयोगमा सञ्चालन भइरहेको यो मोडेलले 'अत्यन्त वञ्चित बालबालिकालाई पनि समान अवसर दिन सक्ने' विश्वास व्यक्त गरे । उनका अनुसार आजका यी बालबालिकाले प्रविधि र सीपमा पहुँच पाए भने भविष्यमा सामाजिक असमानता घटाउन सक्ने आधार तयार हुने छ । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २८६७०० | प्रति तोला – ० | प्रति तोला – ४६५० |



**सुन्दर हिमशृंखला** | म्याग्दीको धवलागिरि गाउँपालिका-२ मा अवस्थित पर्यटकीयस्थल जलजलाबाट देखिएको गुर्जा र धौलागिरि हिमशृंखला। *तस्बिरः कमल खत्री/रासस*

# पोखरा–दुबई सीधा उडानका लागि टिकट बुकिङ खुला

■ प्रभाव संवाददाता

**पोखरा–** संयुक्त अरब इमिरेट्स (युएई) को विमान कम्पनी फ्लाई दुबईले आगामी असोज ७ गतेदेखि पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सिधा उडान गर्ने भएको छ। नियमित उडान सञ्चालन हुने खबरले यहाँका पर्यटन व्यवसायी उत्साहित बनेका छन्। विमानस्थल सञ्चालनमा आएको तीन वर्षपछि नियमित अन्तरराष्ट्रिय उडान सुनिश्चित भएको हो।

दुबईस्थित वायुसेवा कम्पनी फ्लाई दुबईले उक्त मितिदेखि दैनिक उडान सञ्चालन गर्ने गरी टिकट बुकिङ खुला गरेको छ। यसैसाथ पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट पहिलोपटक नियमित अन्तरराष्ट्रिय व्यावसायिक उडान सञ्चालन हुने भएको हो।

पोखरा प्राकृतिक सौन्दर्य, साहसिक पर्यटन र सांस्कृतिक सम्पदाले सम्पन्न सहर हो। अब अन्तरराष्ट्रिय हवाई पहुँच विस्तारसँगै यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा नयाँ सम्भावना खुलेको छ। यसअघि विमानस्थलबाट चीन, भुटानलगायत मुलुकमा चार्टर उडान तथा भारततर्फ आकस्मिक मेडिकल उडान मात्र हुँदै आएका थिए। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले दुबई उडानलाई पोखराको अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने महत्वपूर्ण उपलब्धिका रूपमा लिएको बताए।

उनले केवल हवाई सेवा थपिएको विषय नभई पर्यटन प्रवर्द्धन, लगानी आकर्षण तथा काठमाडौं केन्द्रित हवाई चापलाई विकेन्द्रीकरण गर्ने अवसर भएको बताए। होटल संघ नेपालका केन्द्रीय सदस्य भरत पराजुलीले संयुक्त अरब इमिरेट्स (यूएई) का महामहिम राजदूतसँग पर्यटन आदान-प्रदान तथा पोखरा-यूएई सिधा उडान सञ्चालनका विषयमा भएको छलफल सकारात्मक र उपलब्धिमूलक रहेको स्मरण गरे।

'यूएईसम्म नियमित उडान सञ्चालन हुनुले पर्यटन, व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा महत्वपूर्ण योगदान पुग्नेछ,' उनले भने। पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले दुबई उडानले पोखराको पर्यटन उद्योगलाई नयाँ ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरे।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) का अध्यक्ष ममता न्यौपानेले पोखरा-दुबई नियमित उडानको सुरुआतले पोखराको पर्यटन क्षेत्रलाई अन्तरराष्ट्रिय बजारसँग प्रत्यक्ष रूपमा जोड्ने महत्वपूर्ण अवसर सिर्जना गरेको बताए। दैनिक उडान सञ्चालनमा आएपछि गण्डकी प्रदेश तथा आसपासका जिल्लाका वैदेशिक रोजगारीमा जाने युवा, उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थी तथा अन्य यात्रु प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

सन् २०२३ जनवरी १ मा उद्घाटन गरिएको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय व्यावसायिक उडानको सुरुआतसँगै पोखरा मुलुकको दोस्रो प्रमुख अन्तरराष्ट्रिय हवाई प्रवेशद्वारका रूपमा थप स्थापित हुने अपेक्षा गरिएको छ। फ्लाई दुबईले सञ्चालन गर्ने उक्त सेवाका लागि यात्रुहले कम्पनीको आधिकारिक वेबसाइट तथा मान्यता प्राप्त ट्राभल एजेन्सीमार्फत टिकट बुकिङ गर्न सक्ने जनाइएको छ।

# 'कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै लगिएको छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा स्वर्णिम वाग्लेले कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै लगिएको दाबी गरेका छन्।

प्रतिनिधिसभाअन्तर्गत सार्वजनिक लेखा समितिको बैठकमा आयकर, अन्तःशुल्क तथा भन्सार प्रणालीमा गरिएका सुधार विगत केही वर्षयताकै महत्वपूर्ण संरचनागत सुधार रहेको बताए। 'केही वस्तुमा करसम्बन्धी सुधार गरिएको छ, कर प्रणालीलाई क्रमशः सरल र पारदर्शी बनाउँदै लगिएको छ', उनले भने।

बैठकमा अर्थमन्त्री डा. वाग्लेले आर्थिक विधेयकमा संशोधन गरी करका दर परिवर्तन गरिएको भन्ने आरोप अस्वीकार गरे। उनले रगत तथा भ्याक्सिन बोक्ने क्यारियरको भन्सार दर, शिक्षासम्बन्धी कर व्यवस्था तथा विद्युतीय सवारीसाधनमा रोड डेभलपमेन्ट शुल्कसम्बन्धी छुटेका विषय समेट्न संशोधन गरिएको स्पष्ट पारे।

अर्थमन्त्री वाग्लेले आर्थिक विधेयकमा गरिएको संशोधनलाई लिएर उठाइएका कर हेरफेर तथा अनियमिततासम्बन्धी आरोप निराधार रहेको बताए। बैठकमा जवाफ दिँदै अर्थमन्त्री वाग्लेले आर्थिक विधेयकमा देखिएका विषय नीतिगत परिवर्तन नभई कर्मचारीस्तरमा भएका सामान्य प्राविधिक त्रुटि सच्याउने काम मात्र भएको स्पष्ट पारे।

उनले विद्युतीय सवारीसाधन (इभी) सम्बन्धी कर संरचनाबारे स्पष्ट पार्दै रु ५० लाखसम्मका इभीलाई मध्यम वर्ग र युवाको पहुँचमा राख्ने उद्देश्यले रोड डेभलपमेन्ट शुल्कमा सहुलियत दिन खोजिएको बताए।

'कुनै व्यापारीलाई गोप्य सूचना दिएर गाडी भन्सार पास गराइएको भन्ने आरोप तथ्यहीन छ', उनले भने, 'यदि कसैसँग त्यस्तो प्रमाण छ भने सार्वजनिक गर्नुस्, म जवाफ दिन तयार छु।'

मन्त्री वाग्लले कर प्रशासन, भन्सार प्रणाली र राजस्व व्यवस्थापनमा देखिएका विकृति हटाएर सुशासन र पारदर्शिता कायम गर्ने दिशामा सरकार अघि बढिरहेको बताए।

# कुमारी बैंकले सुरू गऱ्यो 'रियल टाइम इआरपी डिजिटल कर्जा प्लाटफर्म'

**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले नेपालमा डिजिटल बैंकिङ्गलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले आईएमएस सफ्टवेर प्रालिसँगको सहकार्यमा नेपालको पहिलो भ्च्ए(एकीकृत डिजिटल कर्जा प्ल्याटफर्म सार्वजनिक गरेको छ।




कुमारी बैंकले आफ्ना व्यवसायी ग्राहकहरूलाई यस नवीन पहलमार्फत आईएमएसको इआरपी सफ्टवेयरमार्फत बिनाधितो कर्जा प्रदान गर्नेछ। यसका लागि लामो कागजी प्रक्रिया तथा शाखा धाउने झन्झट हट्ने भएको छ। यस प्ल्याटफर्मले कर्जा आवेदन, स्वीकृति, वितरण तथा भुक्तानीसम्मको सम्पूर्ण प्रक्रिया डिजिटल माध्यमबाट सम्पन्न गर्ने सुविधा प्रदान गर्दछ।

इआरपी प्रणालीसँगको प्रत्यक्ष एकीकरणमार्फत बैंकले व्यवसायहरूको बिक्री, कारोबार तथा मौज्दातजस्ता वास्तविक समय डेटाका आधारमा कर्जा योग्यता मूल्याङ्कन गर्न सक्नेछ। यस डेटामा आधारित प्रणालीले छिटो र सटीक निर्णय लिन सहयोग पुऱ्याउँदै परम्परागत धितो आवश्यकताविनै व्यवसायहरूलाई वित्तीय पहुँच उपलब्ध गराउँछ। यसमार्फत इआरपी प्रयोग गर्ने व्यवसायहरूले आफ्नै कार्यसम्पादनका आधारमा रु ५,००,००० सम्मको चालु पूँजी कर्जा प्राप्त गर्न सक्नेछन्, जसलाई १२ महिनासम्मको समान मासिक किस्तामार्फत भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ।

# केरा खेतीबाट आत्मनिर्भर बन्दै बोरुङका किसान

■ रामकुमार लिम्बू

**फिक्कल–** इलामको माई नगरपालिका-९ बोरुङका किसान व्यावसायिक केरा खेती गरी आत्मनिर्भर बन्न थालका छन्। यहाँका करिब ८० घर किसानले केरा खेतीलाई वैकल्पिक र व्यावसायिक खेतीका रूपमा विकास गर्दै आत्मनिर्भर बन्न थालेका हुन्।

यहाँका सबैजसो किसानले अन्नबाली फल्ने खेतबारी मासेर व्यावसायिक केरा खेती लगाएका छन्। प्रत्येक किसानले आफ्नो खेतबारीमा एक सयदेखि एक हजार बोटसम्म केरा रोपेका छन्। रोपिएका अधिकांश केराको बोटबाट घरी (फल) लाग्न सुरु भइसकेको छ।

व्यावसायिक रूपमा गरिएको केरा खेतीबाट यहाँका किसानले अन्नबालीको तुलनामा तेब्बर बढी आम्दानी गर्दै आएका छन्। केरा बेचेर प्राप्त गरेको आम्दानीबाट उनीहरूले घरखर्च चलाउँदै आएका छन्।

किसान टुपेन्द्र लिम्बूले केरा खेती आफ्नो आम्दानीको मुख्य स्रोत बनेको बताए। ५ वर्षदेखि व्यावसायिक केरा खेती गर्दै आएका उनले केरा बिक्री गरेर वार्षिक रु दुईदेखि रु तीन लाखसम्म कमाउँदै आएको बताए। उनले करिब १० रोपनी क्षेत्रफलको जग्गामा एक हजार बोट केरा रोपेका छन्। उनको अगुवा ५०० बोट केराले आम्दानी दिन थालेको बताए।

'मैले अन्नबाली फल्ने खेतबारी मासेर करिब एक हजार बोट केरा खेती लगाएको छु, अगुवा आधा भ्याङबाट घरी (फल) उत्पादन हुन थालेको छ,' लिम्बूले भने, 'प्रतिघरी रु ३०० देखि रु ७०० सम्ममा घरैबाट बिक्री हुन्छ, अन्नबालीभन्दा तेब्बर बढी आम्दानी हुने रहेछ।' रोपेको नौ महिनादेखि एक वर्षमा पहिलो उत्पादन लिन सकिने भएकाले व्यावसायिक केरा खेतीबाट मनग्य आम्दानी लिन सकिने उनको भनाइ छ।

अर्का किसान मिलन राईले केरा बिक्रीबाट वार्षिक रु एक लाख ५० हजारसम्म आम्दानी गर्दै आएका छन्। उनले पनि राम्रै अन्नबाली उत्पादन हुने जग्गामा व्यावसायिक केरा खेती सुरु गरेका छन्। उनले करिब ५०० बोट केरा रोपेका छन्। जसमध्ये ३०० बोटबाट नियमित आम्दानी भइरहेको उनले बताए।

थोरै लगानी र कम मेहनतमा नै व्यावसायिक खेती गर्न सकिने भएकाले केरा खेती सुरु गरेको उनले बताए। 'अन्नबालीलाई जस्तो धेरै मेहनत र श्रम समेत खर्च गर्नु नपर्ने र आम्दानी समेत छिटो दिने भएकाले अन्नबाली उत्पादन हुने जग्गामा केरा खेती सुरु गरेको हुँ,' उनले भने, 'बिक्री नहुने हो कि भन्ने चिन्ता पनि हुँदैन, व्यापारीहरू घरैमा आएर राम्रै दाम दिएर लैजान्छन्।' तीन वर्षदेखि व्यावसायिक केरा खेतीमा लागेका राईले यस वर्षदेखि खेती विस्तार गर्ने योजना रहेको उनले।

केरा खेतीबाट घरव्यवहार चलाउन रकम जुटाउनसमेत सहज भएको अर्का किसान तीर्थ साउदेनले बताए। 'करिब पाँच रोपनी जग्गामा २०० बोट केरा रोपेको छु, केहीले आम्दानी दिन थालेको छ,' गत वर्षदेखि केरा खेती सुरु गरेका साउदेनले भने, 'पहिलो वर्ष रु ८० हजार आम्दानी गरेको छु, यसले मलाई घरव्यवहार चलाउन सहज भएको छ।'

बोरुङका सबैजसो किसानहरूले खेतीयोग्य जमिन मासेर नै व्यावसायिक केरा खेती गर्दै आएका छन्। उनीहरूले चिनीचम्पा, धुस्रे, काबेली, झाजी, भण्डारी, झपरीलगायत अन्य स्थानीय प्रजातिका केरा खेती गर्दै आएका छन्। यहाँ उत्पादन भएको केरा बिक्री गर्न कुनै समस्या छैन। व्यापारीहरू घरैमा आएर खरिद गरी लजाने गरेका छन्। बगानबाटै व्यापारीले लैजाने गरेकाले किसानलाई बजारसम्म पुऱ्याउने झन्झट छैन। यातायातको सुविधा विस्तार भएसँगै किसानले केराको मूल्य समेत राम्रै पाएको वडा सदस्य विनोद साउदेनले बताए।

'यहाँका किसानले उत्पादन गरेको केरा बिक्रीका लागि कुनै समस्या छैन, व्यापारीहरू घरघरमा नै आउने गरेका छन्,' उनले भने, 'यातायातको सुविधा विस्तार भएपछि किसानले समेत केराको राम्रै मूल्य पाएका छन्।'

स्थानीय नमूना सामुदायिक वन उपभोक्ता समूह र माई नगरपालिका समेतको लगानीमा बोरुङ टोलसम्म सडक विस्तार भएपछि किसानलाई राहत मिलेको वडा सदस्य साउदेनको भनाइ छ। यहाँ उत्पादित केरा स्थानीय व्यापारीमार्फत झापाको विर्तामोड, काँकडभिट्टा, दमक, सुनसरीको धरान, मोरङको विराटनगरसहित काठमाडौँसम्म पुग्ने गरेको छ।

कम मेहनत र थोरै लगानीमा सहजै आम्दानी लिन सकिने भएपछि दक्षिणी इलामका किसानहरू व्यावसायिक केरा खेतीतर्फ आकर्षित भएका हुन्। बाँझो रहेको जग्गा र तथा पाखासमेत सदुपयोग गर्दै किसानले व्यावसायिक केरा खेती विस्तार गरेका हुन्। उनीहरूले केरा खेती गरी लाखौं आम्दानी गरिरहेका छन्। जिल्लाको माई नगरपालिका बोरुङसहित दानाबारी, महमाई, चिसापानी, माङसेबुङ गाउँपालिकाको बाँझो, सिङफेरे, मार्चेबुङ, सिमलटार, चुलाचुली गाउँपालिकाको तोरिबारी, साकफारालगायतका किसानले व्यावसायिक केरा खेती गर्दै आएका छन्। *रासस*

# लक्ष्मी सनराइज र आइएमएस सफ्टवेयरबीच सम्झौता

**काठमाडौं (प्रस)–** लक्ष्मी सनराइज बैंक र आइएमएस सफ्टवेयर प्रा. लि. (प्राविधिक सेवा प्रदायक - टीएसपी) बीच नेपालका साना तथा मझौला उद्यम (क्ःभ्क) लाई डिजिटल माध्यमबाट सहज कर्जा सुविधा उपलब्ध गराउने उद्देश्यले सहकार्य भएको छ।



नेपाल राष्ट्र बैंकको डिजिटल लेन्डिङ मार्गदर्शन अनुसार, लक्ष्मी सनराइज बैंकका एसएमई ग्राहकहरूले छिट्टै डिजिटल प्रक्रियामार्फत कर्जाका लागि आवेदन दिन तथा स्वीकृति प्राप्त गर्न सकिनेछ। यस सुविधाको लाभ लिन उद्यमहरूले आफ्नो व्यवसायमा इन्टरप्राइज रिसोर्स प्लानिङ प्रणाली प्रयोग गरेको हुनुपर्नेछ। साथै, आइएमएस सफ्टवेयरमा आबद्ध तथा आवश्यक मापदण्ड पूरा गरेका व्यवसायहरू यस योजनाका लागि योग्य हुनेछन्।

यस सहकार्यअन्तर्गत आइएमएस सफ्टवेयरले प्राविधिक सेवा प्रदायकका रूपमा डिजिटल लेन्डिङ प्लेटफर्म उपलब्ध गराउनेछ, जसमार्फत योग्य उद्यमहरूले आफ्नो इआरपी प्रणालीमा उपलब्ध व्यावसायिक तथ्यांकका आधारमा डिजिटल माध्यमबाट कर्जा आवेदन तथा प्रक्रिया पूरा गर्न सक्नेछन्। यसले कर्जा प्राप्तिको प्रक्रिया थप सरल, छरितो र पारदर्शी बनाउनुका साथै व्यवसायहरूलाई आवश्यक वित्तीय स्रोतमा सहज पहुँच दिलाउने अपेक्षा गरिएको छ।बैंकका अनुसार यो पहलले एसएमई क्षेत्रमा वित्तीय पहुँच विस्तार गर्न सहयोग पुऱ्याउनुका साथै व्यवसायहरूलाई डिजिटल प्रणाली अपनाउन प्रोत्साहित गर्नेछ।

लक्ष्मी सनराइज बैंक र आइएमएस सफ्टवेयरबीचको यस सहकार्यमा डाटा-आधारित मूल्याङ्कन प्रणालीमार्फत कर्जा स्वीकृति प्रक्रिया प्रभावकारी बन्ने भएकाले यसले नेपालका साना तथा मझौला उद्यमहरूको दिगो विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ। लक्ष्मी सनराइज बैंकको बैंकिङ विशेषज्ञता तथा आइएमएस सफ्टवेयरको प्राविधिक सेवा प्रदायकका रूपमा रहेको प्रविधिगत क्षमताको संयोजनले व्यवसायहरूलाई छिटो, सहज र पारदर्शी रूपमा कर्जा पहुँच उपलब्ध गराउँदै नेपालको डिजिटल अर्थतन्त्रलाई थप सुदृढ बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ